# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष–१२ , अंक– २७, २०७६ साल फागुन २० गते मंगलबार (March 3, 2020) | www.janaakash.com.np | मुल्य रू १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com


# ग्लोबल आईएमई तासको घरजस्तै ढल्ने खतरामा

- लगानीकर्ताहरुले आईएमई  बैंकवाट लगानी झिक्न थाले ।
- ग्रहकहरु भन्छन् ग्लोबल आईएमई बैंकको कुनै भर छैन ।
- उद्योग बाणिज्य संघमा बरिष्ठ उठेका चन्द्र ढकालको स्थिति कमजोर ।

ग्लोबल आईएमई बैंकमा लगानी गरेका लगानी कर्ताहरुले लगानी असुरक्षित हुने ठानेर बैकवाट धमाधम लगानी झिक्न थालेको उच्च स्रोतवाट जानकारी प्राप्त भएको छ । यो हप्तामा ग्लोबल आईएमई बैंकको धेरै जति काउन्टरहरुमा लगानी झिक्नेको भिड बढेको देखिन्थ्यो । केहि महिना अगाडी मात्र जनता बैक  ग्लोबल आईएमई बैंकमा गाभिए पछि नेपालको ठुलो बैक भएको प्रचार गरिए पनि बैकको बयवस्थापन निक्कै कमजोर रहेको कारण र विभिन्न समस्यावाट गुज्रिन थालेको ग्लोबल आईएमई बैंक एकाएक तासको घरजस्तो ठडिएको र तासको घरजस्तै गल्याम ढलेर छिनभरमा नै तहस नहस हुने अवस्था जस्तो स्थितिमा पुगेको जानकारहरु बताउछन् ।

एकजना ग्लोबल आईएमई बैंकमा लगानी गरेका लगानीकर्ताले त नाम नबताउने सर्तमा ग्लोबल आईएमईको कुनैभर छैन कुनैबेला  नेपालको निक्कै बदनामित  किष्ट बैंक जस्तै समस्यमामा फस्ने खतरा बढेको हुनाले आफुले आफ्नो लगानी झिकेको बताएका छन् । त्यस्तै अर्का लगानीकर्ताले पनि लगानी झिक्नुको कारण बताउदै ‘चोक्टा खाना गकी बुढी झोलमा डुबेर मरी’ भन्ने उखान जस्तै ठुलो बैक भनेर ग्लोबल आईएमईमा लगानी गरेको त यो बैंक त फाईनान्स जतिको पनि रहनेछ । बाहिर हल्ला गरे जस्तो नभएको आफुले बैंकको ब्यवहार देखेर दिक्क लागेको बताएका थिए ।

**उद्योग बाणिज्य महासंघमा वरिष्ठ उपाध्यक्ष उठेका चन्द्र ढकालको स्थिति कमजोर**

नेपालमा कार्गो ब्यवसायवाट ब्यवसाय शुरु गरेका चन्द्र ढकालले नेपालमा उद्योगमा लगानी गरेको नभई व्यापार क्षेत्रका ब्यवसायमा मात्र लगानी गरेको देखिन्छ । जस्तै रेमिट्यान्स आईएमई रेमिट्यान्समा नेपालमा भएका रेमिट्यान्स मध्य पैसा पठाउदा र लिदा महगो लिने रेमिट्यान्स आईएमई रेमिट्यान्स हो भने आईएमई ट्राभल जो नेपालमा सवैभन्दा ट्रभलमा बढी चार्ज लगाउने ट्रभल पनि आईएमई ट्रभल हो ।

अटो मोबाईल्समा इन्डियाबाट लिल्याण्डका गुण्स्तरहिन भेइकलहरु नेपालमा ल्याएर बिक्री गदै आएको आईएमई मोटोर्कपले पनि नेपाली ग्रहकहरुलाई ठगेको आरोप बेला बेलामा आउने गरेको छ ।

नेपालमा डिसहोम लगायत इलेक्ट्रिक सामानमा समेत गुणस्तर हिन सामान बेचेर ग्रहकलाई असर पुऱ्याएको आरोप लागेका चन्द्र ढकालको नियत राम्रो नभएको सर्वत्र सुनेका उद्योगी ब्यवसायीहरुले साथ छोड्दै गएका कारण उद्योग बाणिज्य महासंघको बरिष्ठ उपाध्यक्ष पदमा स्थिति कमजोर बन्दै गएको देखिन्छ ।

हाइड्रोपावर, बित्तिय क्षेत्र, अटोमोवाईल्स, बीमा कम्पनी , होटल ब्यवसाय, साथै हुदाहुदा आईएमई को-अपरेटिभ बाँकी ६ पृष्ठमा

# ट्राफिक नियम नमान्नेलाई गोली ठोक्ने

भक्तपुर । तीव्र गतिमा सवारीसाधन चलाउँदा हुने दुर्घटनालाई रोक्ने उद्देश्यले महानगरीय प्रहरी परिसरले अरनिको राजमार्ग खण्डअन्तर्गत भक्तपुर खण्डमा दुईवटा अत्याधुनिक ‘राडान गन’ (गोली ठोक्ने) योजना अघि सारेको छ । विकसित देशमा सडकमा सवारीसाधनको गति नाप्न प्रयोग हुने यस प्रकारको उपकरण नेपालमा पहिलोपटक ल्याइ भक्तपुरको सडकमा जडान गरि अभ्यासमा ल्याएको छ । महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक सबिन प्रधानले सडकमा सवारीसाधानको गति नाप्ने यस प्रकारको उपकरण नेपालमै पहिलोपटक जडान गरिएको बताए । साँगादेखि लोकन्थलीसम्म चल्ने सवारीसाधनको गति नाप्ने अत्याधुनिक उपकरण जडान गरेको बताए ।

‘रजिस्ट्रेशन प्लेट रिकगनाइजेशन क्याम’ नामको सिसी क्यामरा सहितको उपकरणले सवारीसाधनको २०० भन्दा माथि सम्मको गति मापन गर्न सक्छ । यसले त्यो सडकमा कुन कुन समयमा कति वटा कुन कुन प्रकारको, कस्तो रङको, कुन कुन नम्बरको, कति कति स्पिडमा र कुन कुन समयमा गाडी गुड्यो, गाडी कुन पोजिशनमा गुडेको थियो भन्ने सम्मको एच डी क्वालिटीको भिडियो रेकर्ड राख्छ, उहाँले भने ,यो क्यामरा सबै सडकमा राख्ने हो भने नेपालको ट्राफिक व्यवस्थापनमा सहज आउने मात्रै नभई कसैले पनि नियम उल्लङ्घन गर्नै सक्दैन, गल्ती गर्नेले कारवाही भोग्नै पर्ने अवस्था आउँछ ।

सूर्यविनायक नगरपालिकाको करिब रु १० लाख र अन्यको सहयोगमा ल्याइएको दुईवटा क्यामरालाई महानगरीय प्रहरी परिषरको कन्ट्रोल कक्षमा जडान गरी हेर्न सकिने व्यवस्था गरिएको जानकारी दिँदै उहाँले सवारी नियम उल्लङ्घन गर्ने कोही पनि अब कारवाहीबाट भाग्नै नसक्ने गरी योजना बनाएको बताए । रातिको समयमा समेत यसले सबै दृश्यहरु लिन सक्ने भएकाले तीव्र गतिमा आएका, दुर्घटना गराएर फरार रहेका कोहीले पनि कारवाहीबाट उन्मुक्ति पाउन नसक्ने दाबी उहाँले गरे । सडकमा जडान बाँकी ६ पृष्ठमा

# माले महासचिव मैनाली दुर्घटनामा
# दश दलीय मोर्चालाई धक्का

काठमाडौ । यहि १५ गते पार्टीका महासचिव सिपी मैनाली पारिवारिक कामवाट काठमाडौं फर्कने क्रममा महत्तरी र सिन्धुलीको साघमा भएको दुघटनाको सत्य तथ्य छानबीन गरी जनता समक्ष सार्वजानिक गर्न नेकपा ९माले० काठमाडौं जिल्ला कमिटीले माग गरेको छ । साथै दोसीलाई कारवाही गर्न पनि माग गरेको छ ।

साथसाथै घाइते महासचिव लगायत उहाको परिवार र चालक राम प्रसादको पनि सिघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।



रामेछापले पनि निकाल्यो बिज्ञप्ति

त्यसैगरी रामेछाप जिल्ला कमिटीले पनि महासचिवको स्वास्थ्य लाभको कामना गदै आज एक बिज्ञप्ति जारी गदै स्वास्थ्य लाभको कामना गरेको छ । रामेछाप, दोलखा इन्चार्ज मोहन कार्कीको हस्तक्षर रहेको प्रेस बिज्ञप्तिमा भनिएको छ । नेपालमा राजनीतिक दुर्घटन पटक पटक हुदै गइरहेका र मदन भण्डारी देखि उच्च तहका दुघटना बीरेन्द्रको राज परिवार हत्या काण्डदेखि अहिले पछिल्लो समय हाम्रा नेकपा ( माले) का महासचिवको दुर्घटना पनि नियोजित नहोला भन्न सकिन्न त्यसैले यस्ता उच्च तहका दुर्घटनाहरु प्रति बिगतको जस्तो घटनाहरु नहुन भनेर नयाँ ढंङगवाट अनुसन्धान गर्नु पर्ने पनि रामेछाप कमिटीले उल्लेख गरेको छ ।

भक्तपुर जिल्ला कमिटीको बिज्ञप्तिमा यस्तो छ

त्यसैगरी ललितपुर जिल्ला कमिटी, भक्तपुर जिल्ला कमिटीले पनि महासचिवको सिघ्र स्वास्थ्य लाभको कामना गरेको छ साथसाथै सत्य तथ्य छानबीन गर्न जोडदार माग गरेको छ ।

नेकपा (माले)का महासचिवलाई प्रधानमन्त्रीले पनि भेटे

नेकपा (माले)का सवारी दुर्घटनावाट घाईते हुनुभएका महासचिवलाई भेट्न प्रधानमन्त्री लगायतको टोली आइतवार ग्रयाण्डी बाँकी ६ पृष्ठमा

# फारवार्ड नेपालको साधारण सभा सम्पन्न


चितवन । गैह्र सरकारी संस्था फारवार्ड नेपालले आफ्नो वार्षिक साधारण सभा भव्य रुपमा सम्पन्न गरेको छ । यो अवसरमा संस्थाको कार्यप्रगति सम्बन्धि वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रतिवेदन ऋषिकेश दाहालले प्रस्तुत गरेका थिए । २३ औं वार्षिक साधारण सभाको समग्र जानकारी कार्यकारी निर्देशक नेत्र प्रताप सेनले गराएका थिए । साधारण सभाको सभापतित्व संस्थाका अध्यक्ष प्रोफेसर माधव कुमार श्रेष्ठले गरेका थिए भने कार्यक्रम संचालन कृष्ण प्रसाद भण्डारीले गरेका थिए । प्रमुख अतिथी भरतपुर महानगरपालिका वार्ड नं. २ का अध्यक्ष पुर्ण बहादुर श्रेष्ठले उद्घाटन गरेका थिए । गैह्र सरकारी संस्था महासंघका अध्यक्ष सुरेश कुमार अधिकारीको पनि




उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

फागुन १७ गते शनिवार भएको उक्त कार्यक्रम महासंघका अध्यक्ष सुरेश कुमार अधिकारीले सामाजिक संस्थाहरुलाई वर्गिकरण गरेर जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नु पर्नेमा जोड दिदै गुठी, आमा समुह, मठ मन्दिर र हामी जस्ता संस्थाको दर्ता एउटै मानिनु दुःखद भएको बताए । महासंघ गै.स.स.को छाता संगठनको रुपमा पनि भएकाले सबैलाई यसैमा गोवलद्ध हुन उनले आग्रह गरे ।

कार्यक्रममा प्रमुख अतिथी पुर्ण बहादुर श्रेष्ठले जनप्रतिनिधीले पनि गैह्र सरकारी संस्थासँग मिलेर काम गर्नु पर्नेमा जोड दिए । सबै मिलेर काम गर्नु पर्छ उनको भनाई थियो । यसैगरी अर्का वक्ता प्राध्यापक डा. नवराज देवकोटाले बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# जुत्ता प्रहारले दिन खोजेको सन्देश

डबल नेकपाका अध्यक्ष पुष्प कमल दाहाल (प्रचण्ड)लाई जुत्ता प्रहार भएको घटनाले नेपाली समाज कता जादैछ भन्ने ईगित पक्कै गरेको छ । जुम्लाका रतन तिरुवाले प्रचण्डलाई काठमाडौंको राष्ट्रियसभा गृहमा जुत्ता प्रहार गरेपछि थुप्रै प्रश्नहरु जन्मेका छन् । यो सामाजिक रुपमा नेपाल देशको समाजलाई अन्तराष्ट्रिय क्षेत्रमा हेर्ने दृष्टिकोणमा नेपाली चेतनास्तरको मापन पनि जोडिएला । तर नेपालमा भने शासन सत्ता समाल्दै आएको र हाल नेपालको सवैभन्दा ठुलो पार्टी भइसकेको र अर्को बिकल्प नहुनजेल सम्मको लागि त शक्तिसाली पार्टीको बागडोर समाल्दै आएका प्रचण्डमाथिको जुत्ता प्रहारले नेपालमा जतिसुकै ठुलो पार्टीको दम्भ राखेपनि जनताहरु कतै न कतै असन्तुष्ट रहेको संदेश यो जुत्ता प्रहारको घटनाले पुष्टि गर्दछ ।

हुनत आफैमा रक्तपातको लासहरु टेकेर सत्ताको रस चाख्न आइपुगेका र हजारौ अपाङ्ग, घाईते, हिजो देश र जनताको मुक्ति भनेर सिकाएको राजनीतिले आज सम्म निकाश दिन नसकेर तत्कालीन माओवादी आन्दोलनमा लागेका, शान्ति प्रक्रियामा आइसकेपछि हजारौ हजार माओवादी कार्यकर्ताहरु देशमा ब्यवहार चलाउन नसकेर बिदेशी भुमिमा काम गर्न गएकाको आर्कोश सामाजिक संञ्जालवाट वेलावेलामा देखिरहेकै छ । कतिपयले जनयुद्ध कालमा आफ्ना सन्तान गुमाएको पिडा देशले परिवर्तन गर्ला र सन्तोष मानुला भन्ने आशा पनि मर्दि गएका छन् । देशमा कुनै पनि रोजगार सृर्जना गर्ने खालका उत्पादन मुलका काम केही हुन सकेनान् । जनयुद्ध बिर्सजन गरेर सात गठबनधनसँग जोडिएर गरेको आन्दोलन पछिको १४ बर्षसम्म पनि जनता प्रत्यक्ष सहभागि हुने कुनै कार्यक्रम ल्याउन नसकेपछि र प्रचण्डकै दुई कार्यकाल प्रधानमन्त्री हुदा सम्म उत्पादनमुखी र रोजगार सृर्जना गर्ने कार्यक्रम नआउदा तिनै आओवादी आन्दोलनमा लागेका शान्ति प्रक्रियापछि बेरोजगार भएकाहरु जो बिदेश जान सके ति त गए जो बिदेश जान पनि सकेनान् नेपालमा जसो तसो गुजारा चलाउदै आएका कहिलेकाही त सामान्य भन्दा सामान्य आधारभुत समस्या पर्दा बिगतमा १० औ बर्ष माओवादी जनयुद्धमा होमिएका / होमिनुपर्दा गुमेको समयले अन्य साथीभाई भन्दा आर्थिक सामाजिक क्षेत्रमा पछाडी पर्नुपरेको महसुस गरेका तत्कालीन माओवादीका कार्यकर्ताहरुमा आर्कोशको ज्वाला अझै देख्न सकिन्छ ।

त्यसोत यो भन्दा अगाडी पनि प्रचण्डमाथि एकजना परशुराम कुवंरले थप्पड हानेका थिए यि घटनाहरु क्रमिक रुपमा बढ्नु डबल नेकपाका अध्यक्ष प्रचण्ड नेतृत्वले कार्यकर्तालाई ब्यवस्थापन गर्न नसकेको प्रष्ट हुन्छ ।

त्यस्तै पार्टीमा जनयुद्धको लडाईमा सगै हिडेका मोहन बैध, डा. बाबुराम भट्टराई, नेत्र बिक्रम चन्द, हालसालै बाहिरीएको गोपाल किराँती समुह लगायत पनि पार्टीमा नअटाउनु र पार्टीलाई एमालेमा गाभेर ठुलो पार्टीको अध्यक्ष हु भनेर छत्ती फुलाए पनि कार्यकर्ता, बिगतका सहपाठी लगायतको बुझाई र पुर्व एमालेहरुले अहिले पछिल्लो समय गदै गएको ब्यवहार हेर्दा प्रचण्डप्रतिको संदेश राम्रो देखिदैन ।

पर्टीहरु फट्ने(जुट्ने , पार्टीवाट बाहिरिने प्रचलन त भइ नै रहन्छ तर प्रचण्डको पुर्व माओवादी र पुर्व एमालेको जुटाइले नेपालमा जुन स्पष्ट बहुमतको सरकार बनाउन जनमत तयार छ त्यो नेपालको इतिहाँसमा सुवर्ण अवसर हो । त्यो अवसर कतै पनि सदुपयोग भइरहेको छैन । आफ्नै कार्यकर्ताहरु सन्तुष्ट भइराखेका देखिदैनान् । यस्तै आवस्थामा सरकारमा भएको वेला केही आशा राखेर जनताले शक्तिमा रहेकाहरुलाई ठिक गऱ्यो भनेर डरले वा चाकरी तरिकाले भनेको भएपनि सत्य कुरा र बास्तविकता अर्कै भइराख्दा देशमा माथिदेखि तलसम्म नकरात्मक संदेश जान भने छोडेको छैन । तिनै नकरात्मक र जनताको आर्कोशको प्रतिकृयाको रुपमा जुत्ता प्रहार भएको हुनसक्छ । यसले सरकारमा रहेको पार्टीले जनताप्रति गरेको ब्यवहार ठिक भएको छ कि छैन ? भन्ने बिषयमा पनि बहस गराइदिएको छ । यो प्रचण्डमाथिको मात्र आर्कोश नभएर नेकपाको नेतृत्वमा बनेको सरकार प्रतिको संकेत पनि गर्दछ यो संकेतलाई समयमा नै बुझेर गल्ती भएका क्षेत्रहरुमा सुधार गदै आउदा दिनमा देश र जनता प्रति उत्तरदयी भुमिका खेल्न सकेन र जनताको बिश्वासलाई यसैगरी आर्कोशमा परिणत गराउदै लाने हो भने नेकपा प्रतिको जनबिश्वासमा धक्का लाग्ने देखिन्छ । अहिलेको जुत्ता प्रहार घटनालाई जनता सन्तुष्ट छैनान् भन्ने संदेशको रुपमा लिन सकिन्छ । समग्रमा देश र जनताप्रति ध्यान दिन यो नेकपाको नेतृत्वामा बनेको सरकारले ध्यान दिन जरुरी छ ।

# विनोद वाह्रकोटी र विद्यालयको सम्बन्ध

**मोहन कार्की**



संखुवासभा जिल्लाको वाह्रविसेमा जन्मनु भएका विनोद वाह्रकोटी वि.सं. २०३४ सालमा तुम्लिङटार आएर बसोवास गर्न थाल्नु भयो । त्यही बसेर छोरा-छोरीको लालन-पालन र शिक्षामा ध्यान दिदै समाज सेवामा पनि अग्रणी भूमिका निभाउन थाल्नु भयो । समाजसेवी वाह्रकोटीलाई निरास र हतोत्साही बनाउने तत्वहरु पनि त्यहाँ सक्रिय भए । तर, वाह्रकोटी निरास हुनु भएन ।

वास्तवमा तत्कालिन अवस्थामा संखुवासभा जिल्लाको तुम्लिङटारमा २०२६ साल देखि हवाई सेवा सुरु भए पनि विकासका अन्य कुनै काम भएका थिएनन् । पुरानो कुमाल वस्ती, माटाका स-साना घरहरु, आफ्ना बालबच्चा पढाउनु पर्छ भन्ने चेतनाको अभाव, विद्यालय भवनको जिर्ण अवस्था, ग्रामिण जनताको विसंगतिपूर्ण जीवनयापन यस्तै थियो तुम्लिङटारको अवस्था ।

विनोद वाह्रकोटी आफ्नो संस्मरण सुनाउँदै भन्नु हुन्छ - पत्रकार मोहन जी म आएको अवस्थामा मनकामना प्रावि अहिले पानीट्याङ्की भएको ठाउँमा ३ कोठाको थियो । त्यो पनि चिरै चिरा परेको जिर्ण भवन । त्यो भित्र बसेर विद्यार्थी पढ्न सक्ने अवस्था पनि थिएन । म मेरी छोरी पवनलाई लिएर नाम लेखाउनका लागि विद्यालय पुगें, तर विद्यालय भवनको त्यो दुरावस्ता देखेपछि मैले छोरीको नाम लेखाउन सकिन । मेरो मन हुँडलियो, ऐँठन भए जस्तो लाग्यो । उपायहरु सोच्न थालें ।

रातभरी निद्रा लागेन । हुर्किदै गरेका छोराछोरी तिर हेरें । अहो ! यिनीहरुको भविष्य के होला ? भन्ने प्रश्न उब्जेर मनमा चिन्ता बढाई रह्यो । विहान उठेर विद्यालय ब्यवस्थापन समितिसंग छलफल गरेर विद्यालय भवन निर्माण गर्ने सल्लाह गर्ने निर्णय मनले गरेपछि मात्र म त्यो रात निदाएँ ।

अर्को झ्याउलो आई लाग्यो ।

विद्यालय ब्यवस्थापन समितिका सदयस्यहरु भेला गरे पछि मैले पुरानो भवन भत्काएर नयाँ भवन निर्माण गर्नु पर्ने प्रस्ताव राखें । त्यस वखत विद्यालयमा १०।१२ जना विद्यार्थी र २ जना शिक्षक थिए । सरकारले पाँच हजार अनुदान दिएको थियो । अहिले पानी ट्याङ्की भएको जग्गा भन्दा उत्तर पश्चिम तर्फ दिलबहादुर कुमालको जग्गा थियो । मैले मनकारी दिलबहादुर कुमालसंग जग्गा दिन अनुरोध गरें । उहाँले निःशुल्क जग्गा दिनु हुने भयो ।

विडम्वना के भयो भने उक्त चिरैचिरा परेको भवन भत्काएमा स्कूलले पाँच हजार रुपैंया सरकारलाई जरिवाना तिर्नु पर्ने रहेछ । ब्यवस्थापन समितिले ठाडै अस्विकार गऱ्यो । स्वभाविक पनि थियो त्यस ताका पाँच हजार रुपैंया भनेको निकै ठूलो रकम मानिन्थ्यो । कुरो बुझ्दै जाँदा भवन पुरै भत्किएमा भने उक्त पाँच हजार तिर्नु नपर्ने रहेछ ।

फेरि अर्को रात पनि मलाई निद्रा लागेन । मैले तुम्लिङटारका हस्तीहरु सम्झिएँ । त्यसताका स्वर्गे भै सक्नु भएका डिल्लीराम पोखरले, केशवराज घिमिरे, सर्वजीत तामाङ र जिवितै रहनु भएका डिल्लीराम घिमिरे, रत्न बहादुर कार्की, पदम केशर कार्की, दिपसुन्दर कार्की, गंजबहादुर घिमिरे, मित्र बहादुर घिमिरे, विष्णु बहादुर तामाङ, गंगावहादुर तामाङ, जितबहादुर तामाङ( काल्धन) मेहेरमान श्रेष्ठ, बद्रि ढकाल लगायतलाई सम्झे र यो गाउँका कुमाल, माझी, तमाङ, क्षेत्री, वाहुन सबैका छोराछोरीको भविष्य प्रति चिन्तित भएँ ।

मनमा विभिन्न तर्कनाहरु खेल्न थाले पछि ४ बजे राति नै उठेर प्रेमबहादुर गौरुङ कुमालको घरमा पुगें । भुइँमा उज्यालो खसी सकेको थिएन । चारैतिर कुकुर भुक्तै थिए । टाडैबाट गौरुङलाई बोलाएँ । 'आज वाह्रकोटीलाई के भयो ?' भन्दै उहाँ वाहिर निस्कनु भयो । मैले तपाईंको जग्गामा बनेको यो थोत्रे स्कूल भत्काई दिउँ । अनि मात्र अर्को भवन बनाउन दिन्छन् नत्र दिदैनन् भनें । गौरुङ डराउनु भयो । उहाँले 'हामीलाई पैसा तिराउँदैनन् ?' भनेर शंका व्यक्तगर्नु भयो ।

मैले उहाँलाई भने - दाइ ' भोलि राति गएर झम्पलले हानेर यो भवन भत्काई दिउँ । कसैलाई पनि यो कुरा नभनौ । पैसा तिर्नु परे म तिर्छु । तपाईलाई लगाउदिन । तर, कसैलाई नभन्नु । हाम्रो सहमति भयो ।

जुनेली रातको काम

वातावरण चकमन्न छ । परपर कुकुरहरु भुकी रहेका छन् जुनेली रात छ । गौरुङ दाइ र म झम्पल बोकेर स्कूलको पछाडि पट्टी पुग्यौ । चारैतिर नियालेर हेरेपछि गौरुङ दाइलाई मैले 'दाइ ! ठोकौं अब' भने हामी दुई जना भएर असिनपसिन हुदै थोत्रे भवनको एक पाटो ह्वाल्लाङ्गै भत्काइ दियौं । पछाडी पट्टी भत्काई सकेपछि मैले सानो स्वरमा भने 'दाइ ! अब भयो जाउँ । यो कुरा कसैलाई नभन्नु है ।' उहाँले 'ज्यान गए भन्दिन' भन्नु भयो । हामी दुवै आ-आफ्नो घरतिर लाग्यौं ।

भोलिपल्ट गाउँका मान्छे भेला भए कचहरी बस्यो । भवन निर्माणका लागि चन्दा उठाउने निर्णय भयो । भवन निर्माण पछि पाँच कक्षासम्म पढाइ हुन थाल्यो । विभिन्न व्यक्ति र संस्थाहरुसंग चन्दा, दान र श्रमदान मागेर भवन ठूलो बनाउने काम भयो । २०४९ सालमा हाल वरिष्ठ पत्रकार रहनु भएका गोविन्द पोखरेलको संयोजकत्वमा एउटा देउसी कमिटि बन्यो । उक्त कमिटिले देउसी खेलेर ५० हजार रुपैया उठाएर स्कूललाई हस्तान्तरण गऱ्यो । त्यसताका यो रकम निकै ठूलो मानिन्थ्यो ।



पछि तुम्लिङटारको जनघनत्व बढ्दै गयो । वारिपारिका विद्यार्थी थपिदै गए । भवन फेरि अपुग हुन थाल्यो । हामीले आरआरएन संस्थासँग सहयोग माग गरेपछि संस्थाका सञ्चालक अर्जुन कार्कीले सहयोग गर्नु भयो ।

अहिले स्कूल भवन थुप्रै थपिएका छन् । छोरी पवनको नाम लेखाउन जाँदा १३ जना विद्यार्थी रहेकोमा अहिले १३ सय विद्यार्थी अध्ययनरत छन् भन्न पाउँदा धेरै खुशी लाग्छ । अहिले यो विद्यालय नमुना विद्यालयको रुपमा विकास हुदै छ । फेरि पनि भवन अपुग भएको छ । खुशीको कुरा के छ भने कुवेर भेटुवाल यो स्कूलको हेडसर हुनुहुन्छ । भेटुवाल अत्यान्तै जाँगरिलो क्षमतावान र कुशल नेतृत्व गर्न सक्ने व्यक्तिमा दरिनु भएको छ ।

पूर्व हेडमाष्टर गोपाल घिमिरेले स्कूललाई सफल बनाउने हरसम्भव प्रयास गर्नु भयो । तर, उहाँको सरल स्वभावका कारण स्कूलले समयानुकुल गति लिन सकेन । वर्तमान हेडमाष्टर कुवेर भेटुवालको लगन र मिहिनेत भने सफल भएको छ ।

खकुवाको जग्गा

विनोद वाह्रकोटी आफू र मनकामना रत्न अम्बिका मावि बिच गहिरो र सुमधुर सम्बन्ध रहेको स्वीकार गर्दै खकुवाको जग्गा कसरी विद्यालयको नाममा ल्याउने काम सम्पन्न भयो भन्ने रोचक कथा सुनाउनु हुन्छ ।

मोहन जी ! खकुवाको १० रोपनी जग्गा चलानी पूर्जी बनाई दुर्गाप्रसाद गौतमले लिएको रहेछ । कुमालहरुको उक्त गाई चर्ने जग्गा भएकोले फिर्ता माग्नु स्वभाविक थियो । फिर्ता मागे । तर, दुर्गाले 'मेरो चार हजार परेको र राजिनामा पास गरेको जग्गा दिन्न' भन्नु भए छ । तत्कालिन जिल्ला पंचायतमा मुद्दा पऱ्यो । तर, उपाय थिएन ।

कुमालहरु मलाई खोज्दै आइपुगे । लौ जग्गा फिर्ता गराई दिनु पऱ्यो भने । म दुर्गा प्रसाद गौतमसंग कुरा गर्न गएँ । तर, उहाँले जग्गा फिर्ता गर्न मान्नु भएन । आफ्नो पैसा फिर्ता नभएसम्म जग्गा फिर्ता नदिने भनेपछि मैले कुमाल दाजु भाइलाई जग्गा स्कूललाई दिने हो भने म पैसा खोजेर पनि जग्गा फिर्ता लिई दिन्छु भने । उहाँहरुले स्वीकार गर्नु भयो । दुर्गालाई मैले पैसा फिर्ता दिएँ । जग्गा स्कूलको नाममा भयो ।

मोहन जी ! मसंग पैसा थिएन । दुई तोलाको औंठी थियो । दुर्गालाई पछि उकास्ने गरी त्यही औंठी दिएँ । गोपाल घिमिरेले साथ दिनु भयो । यो २०३९ सालको कुरा हो । आज त्यो जग्गाको मूल्य सोचे भन्दा धेरै छ । यस पछि 'धन भन्दा मन ठूलो' हो भन्ने मलाई लाग्छ । अहिले मलाई स्कूलका लागि आफूले गरेको सहयोग प्रति गर्व लाग्छ ।

फेरि अर्को झमेला

स्कूलले जग्गा प्राप्त गरेपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र घिमिरेको नेतृत्वमा स्कूलका विद्यार्थीहरु गएर खकुवाको जग्गामा छरिएर रहेका ढुङ्गाहरु बटुलेर एकै ठाउँ राख्ने काम भयो । जिल्लामा विकास निर्माणका कामहरु धमाधम हुदै थिए । ढुङ्गा, गिट्टी र वालुवाको आवश्यकता बढ्दै गएको थियो । त्यसैताका एयरपोर्टको ग्याभिङ भर्ने कार्य हुने भयो । ग्याभिङ भर्ने ठेक्का पाएका ठेकेदारले विद्यालयलाई नसोधी खकुवाको जग्गामा विद्यार्थीले थुपारेको ढुङ्गा र जग्गामा भूमिगत रुपमा रहेका ढुङ्गा ल्याएछन् ।

दुई सय जति मजदुर लगाएर एयरपोर्टमा ढुङ्गा ओसार्न थाले पनि रोक्न सक्ने कोही भएन । विद्यालयले कसैको साथ पाएन । एक्लो र निरिह बनेर विद्यालय टोलाई रह्यो । मोहन जी ! यस्तै बेलामा हो साथ, सहयोग दिने भनेको । त्यसताका दिपसुन्दर कार्की, मित्रबहादुर घिमिरे, लोकेन्द्र बहादुर तामाङ र म विनोद वाह्रकोटी समेतको मिटिङ्ग बस्यो । ठेकेदारलाई ढुङ्ग ल्याउनबाट रोकियो ठेकेदार जसमोहन श्रेष्ठले आफूबाट गल्ती भएको स्वीकार गरेर १२ हजार रुपैयाँ स्कूललाई तिरे । र मैले पनि खकुवाको जग्गा किनेको चार हजार रुपैयाँ फिर्ता पाएँ ।

स्कूलको अवस्था अहिले कस्तो छ ? आ-आफ्नो ठाउँबाट विद्यालयलाई गच्छे अनुसार स्थानीय सबैले सहयोग गरेका छन् । अध्यक्ष देवेन्द्र घिमिरे र प्रअ कुवेर भेटुवाल लगायतको प्रयासमा विद्यालयमा अक्षयकोषको आव्हान गरियो । यसमा विनोद वाह्रकोटी, इश्वरा वाह्रकोटी, गोपाल घिमिरे, डिल्लीराम श्रेष्ठले इञ्जिनियरिङ सञ्चालनका लागि अक्षयकोष, स्थापना गर्नु भयो । प्र.अ. कुवेर प्रसाद भेटुवाल अध्यक्ष देवेन्द्र घिमिरे, लोकेन्द्र तामाङ लोकबहादुर वस्नेत, बद्री ढकाल, इन्द्र कार्की, राजकुमार घिमिरे, भीम श्रेष्ठ लगायतले स्कूललाई सकेसम्म सहयोग गरी रहनु भएको छ ।

हाल यो विद्यालय नमुना विद्यालयको रुपमा रहेको छ । नमुना विद्यालय छनोट र स्थापना गर्ने कार्यमा यही तुम्लिङटारमा जन्मनु भएका र हाल नेपाल सरकारका भुमिसुधार सचिव रहनु भएका सूर्यप्रसाद गौतमको महत्वपूर्ण योगदान रह्यो । अहिले नमुना विद्यालय अन्तर्गतको मापदण्ड अनुसार भौतिक निर्माण कार्य भई रहेको छ । विद्यालयमा प्राविधिक शिक्षा (सव ओभरसियर र ओभरसियर लेवल) को पठन-पाठन भई रहेको छ ।

पत्रकार मित्र ! पछिल्लो ३ वर्ष यता विद्यार्थी संख्या बढ्दै गएर १३ सयको हाराहारीमा पुगेको छ । तीन वर्ष यता जिल्लाकै उत्कृष्ठ विद्यालयका रुपमा पुरस्कृत हुदै आएको छ । यो सबै श्रेय हाम्रा हेडसर कुवेरप्रसाद भेटुवाललाई जान्छ । उहाँको मिहिनेत र पसिनाको कदर गर्नु पर्छ । कुवेर सरको परिश्रमले स्कूलले वोर्डिङ स्कूलहरुसंग प्रतिस्पर्धा गर्न सक्ने भएको छ । तुम्लिङटारका विद्यार्थी अभिभावकले कुवेर सर जस्तो एउटा विलक्षण प्रतिभा पाएका छन् । उहाँको खुलेर प्रसंसा गर्न चुक्नु हुदैन ।

हालको समस्या केछ ?

भवन अपुग भएको छ । श्रोत साधनको कमी छ । हेडसर कुवेर भन्नु हुन्छ - स्कुल नजिकैको जग्गा किनिदिए भवन निर्माणमा ठूलो सहयोग पुग्ने थियो । विद्यालयमा विद्यार्थी अनुमापतमा शिक्षक छैनन् । खाँदवारी नगरपालिकाका मेयर मुरारी प्रसाद खतिवडा र काठमाण्डौमा रहनु भएका वरिष्ठ पत्रकार गोविन्द पोखरेल वीच शिक्षक थप्ने वारे छलफल भएको भन्ने सुनेको छु । आशा छ उहाँहरुको छलफल सार्थक रहोस् र मूर्तरुप लियोस् ।

नगरपालिकाले नै हो शिक्षक दरवन्दी मिलान गर्ने । मेयरले चाहनु भयो भने यस मनकामना रत्न अम्विका विद्यालयमा शिक्षक थपिन सक्छन् । कुरोकानी अगाडि बढेको छ । तर, काम भएको छैन । शिक्षकहरुको आवश्यकता अत्यान्तै खट्किएको छ । फेरि पनि भन्छु 'यी कुमाल, माझी, तामाङ, मगर, गुरुङ र राई लिम्बुका छोरा छोरी पढाउन शिक्षक दिनु होस् ।' नगरपालिका भित्र रहेका शिक्षक मध्ये विद्यार्थी संख्याका आधारमा मिलान गर्दिए मात्र पनि यो विद्यालयलाई यथेष्ट हुन्छ । कृपया सबैले सोच्नु होस् ।

यो रिर्पोट बरिष्ठ पत्रकार गोबिन्द पोखरेल, समाजसेवी विनोद वाह्रकोटी, हाल अम्बिका मा.बिका हेड माष्टर कुवेरप्रसाद भेटुवालको सहयोगमा तयार पारिएको हो ।

# समृद्धिको लागि ओटोमोवाइलको विकल्प अनिवार्य

*यस पृथ्वीमा जन्म लिएका थोरै मान्छेहरुको मात्र इतिहासमा नाम दर्ज हुन्छ । रहर त सबैलाई हुन्छ नाम, दाम कमाउने तर जसले मेहनत गर्छ साथसाथै समयले पनि साथ दिनुपर्छ । त्यस्तै एक सफल उदारणीय ब्यवसायी बनि सक्नु भएका कृष्णप्रसाद दुलाल जो नाडा एशोसिएसन नेपालका अध्यक्ष पनि हुनुहुन्छ ।*

*उहाको जन्म साविकको राजघाट, गा.वि.स. २ मोरङमा भएको हो । राधिका माध्यमिक विघलयबाट अध्ययन शुरु गर्नुभएका दुलाल सानै देखि जुनसुकै काम गर्दा मेहनतका साथ गर्नुहुन्थ्यो रे त्यसैको परिणाम राम्रो अङ ल्याएर स्कुल लेवल सकेपछि महेन्द्र मोरङ कलेजवाट ग्रायुजेशन गरेपछि २०४८ सालवाट ब्यवसाय शुरु गर्नुभएका दुलालले मेशिनरी, लुब्रीकेट, अटोमोबाइल्स, स्पेयर पार्टस, टायर संचालन गर्दै अहिले सफल ब्यवसायीको रुपमा परिचित हुनुहुन्छ । ब्यवसाय सँगसँगै नाडा अटोमोबाईल्स एशोसिएसन अफ नेपालको अग्रेजी बर्ष २०११ सालमा प्रवेश गर्नुभयो र दुई कार्यकालसम्म कोषाध्यक्ष हुनुभयो । जाहापनि मेहनका साथ काम सम्पादन गर्ने क्षमता भएका दुलालले नाडामा पनि राम्रोसँग संस्थाको हित साथसाथै ब्यवसायीका समस्याको सावधानमा राम्रो भुमिका खेल्न सकेकै कारण क्रमशः २०१५ मा नाडाको साधरणसभाबाट महासचिव, २०१७ मा उपाध्यक्ष र २०१९ मा भएको नाडाको साधरणसभाबाट अध्यक्ष हुनुभएको हो । उहाको जीवनका अनुभव र नाडा क्षेत्रको बिषयमा केन्द्रीत रहेर यो अङकमा उहाका भनाईहरु समेटेका छौं ।*



## कृष्णप्रसाद दुलाल
## अध्यक्ष, नाडा ओटोमोवाइल्स एशोसिएसन अफ नेपाल

**० तपाई नाडाको अध्यक्ष भईसकेर आएपछि भए गरेका कार्यक्रमको बारेमा बताईदिनुसन ?**

- नाडाको निर्वाचनवाट म अध्यक्ष भएर आएको करिबन झण्डै १०० दिन पुगेको छ । यस अवस्थासम्म आईपुग्दा नाडाले आफ्ना सदस्यहरुको हकहित गदै ब्यवसायलाई प्रबन्धन गर्ने काममा गर्नुपर्ने हुन्छ त्यो काम गदै आएका छौ । पछिल्लो समय ब्यवसायमा केही सिथिलता आएको ब्यवसायमा कमी आएको हुनाले हामीले सम्बनिधत निकायहरुसँग भेटघाट गऱ्यौ । के कारणले अटोक्षेत्रमा बिक्री कम भैईरहेको छ भनेर हामीले अध्ययन गर्दा काहा गएर ठोकियो भने लगानीमा गएर समस्या आएको पायौं । बैंकले सहजै लोन नदिने ५० प्रतिशत पेमेन्ट डाउन गर्नुपर्ने ब्याज पनि महगो भएको बिभिन्न कानुन, ऐन, नियम थुपारिएको कारणले कुनैपनि ब्यवसायीले अटोमोबाईल्सका सवारी साधन खरिद गर्न नसक्ने वातावरण बनेको पाएपछि हामीले भन्सर, कर, राष्ट्र बैंक, अर्थ मन्त्रालय सबै तिर गएर हामीलाई परेको समस्या लिएर भेटघाट गऱ्यौं । उहाहरुसँग भेटघाट गरेर छलफलमा बस्यौ उहाहरुले पनि महसुस गर्नु भएको छ । यसले राजश्वलाई पनि असर पारेको छ । बिक्री कम हुनु भनेको राजश्व पनि कम हुनु हो भनेर केही न केही महसुस हुने गरि सम्वोधन गर्छौं अटो क्षेत्र नेपालको राजश्व क्षेत्रमा १५ प्रतिशत क्षेत्र ओगटेको क्षेत्र बिसौ लाखलाई रोजगार दिईरहेको क्षेत्र यो क्षेत्रलाई पनि सगालेर अगाडी बढाउनुपर्छ यसलाई निकास दिईएन भने यसले पनि अर्थतन्त्रमा असर गर्छ यसलाई पनि निकाश दिनुपर्छ भन्ने सम्बन्धित निकायहरुको सकरात्मक जबाफ आएको छ । हामी पतिक्षारत छौं । केही दिनमा सम्बोधन होला भन्ने आशा पनि हामीले राखेका छौं । मलाई लाग्छ अटो मोबाईल्सको हितमा गर्नुपर्ने पहिलो कत्व्य हो र हामी यो काम गरिराखेका छौं ।

यसरी नै आटोमोबाईल्स क्षेत्रलाई अगाडी बढाउनको लागि नेपालभरी रहेका ७ वटा प्रदेशहरु छन् यी सातवटै प्रदेशमा जसरी अटोमोबाईल्सको बिस्तार भएको छ त्यसरी नै नाडा अटोमोबाईल्सको बिकाश गर्नुपर्छ र त्यहा भएका ब्यवसायीहरुलाई पनि नाडामा अपनत्व हुनेगरी नाडामा काम गर्नुपर्छ भन्ने हिसावले हामी ७ वटै प्रदेशहरुमा संस्थागत सदस्यहरुको बिकाश गर्ने, सस्थागत सदस्यहरुको माध्यमवाट अटोमोबाईल्सको हित गर्ने भन्ने हिसावले हामीले ५ वटा प्रदेशमा सस्थागत सदस्यहरु बनाईसकेका छौं केही प्रदेशहरुमा बाकी छ । ७ वटै प्रदेशवाट प्रत्यक्ष नाडामा आउने गरी प्रतिनिधित्व गर्नेगरि नडाले हरेक बर्ष सस्थागत क्षेत्रहरुमा गएर कार्यक्रम गर्ने प्रशिक्षण गर्ने, कार्यक्रमहरु गर्ने, त्यहाको ब्यवसयीहरुलाई पनि आत्म सम्मानका साथ अपनत्व लिर्न सक्ने ब्यवहार दिनुपर्छ भनेर हामी लागिरहेका छौं यो दोस्रो एजेण्डा अनुसार हामी काम गरिरहेका छौं ।

**० तपाईहरु पछिल्लो समय सम्बन्धित निकायमा डेलिगेशन गइसक्नु भएको छ । उहाहरुवाट के पाउनु भयो र अस्ति भरखरै भारतमा भएको दक्षिण एसियालीस्तरको भारतको दिल्ली एक्स्पोमा भाग लिएर आउनु भयो भारत र नेपाल अटो क्षेत्रको फरक के पाउनु भयो ?**

- मैले अघि माथि पनि भनिसके नेपाल सरकारवाट आउनुपर्ने जवाफको विषयमा उहाहरु ब्यवसाय टिकाउने र ब्यवसायलाई प्रबधन गर्नुपर्छ भन्ने उहाहरुको भनाई पछिल्लो जानकारी अनुसार हामीले पाएका छौं ।

अर्को तपाईले भन्नु भए जसरी हाम्रो नेपाल र भारतको कुरामा हामीले नेपालमा कतिपय अन्य देशवाट आयत गरेर ल्याएका अटोको साधनहरु, स्पेयर पार्टस,टायरहहरु र कतिपय नेपाल मै उत्पादन भएका लुब्रीकेट लगायत एकैठाँउमा देशभरीका ब्यवसायीहरुलाई राखेर नाडा अटो शो गर्छौं र ब्यापार प्रबन्धन गर्छौ । ब्यापार प्रबन्धन पनि हुन्छ । ज्ञानको कुरा पनि हुन्छ । बिक्री पनि हुन्छ अटो क्षेत्रमा एक अर्का प्रति सम्बन्ध पनि बिस्तार हुन्छ ।

त्यस्तै भारतमा पनि बर्षमा दिल्ली एक्स्पो हुन्छ । यसपाली सौभाग्यले भन्नुपर्छ म अध्यक्ष भईसकेपछि भारतको अटोमोबाईल्स एशोसिएसनले एउटा बृहत कार्यक्रम गर्छौं भनेर हामीलाई निमन्त्रण गर्नुभयो यो भन्द अगाडी हामीले उहाँहरुसंग धेरै पटक मिटिङ गर्न प्र्यास गरेका थियौ उहाहरुलाई पनि हाम्रो अटो शो मा बोलाउने हामी पनि उहाहरुको अटो शो मा जाने एक अर्का प्रति सहकार्य गर्न चाहिरहेका थियौ । त्यो हाम्रो सौभाग्य मिलेको छ र हामीले त्यहा भाग लियौ । भाग लिदा के कुरा थाहा भयो भने त्यहा स्पेयर पार्टस र अटोको पार्ट अलग अलग हुदो रहेछ । अलग अलग एक्स्पो हुदा नोयडामा चै म्यानमारको, श्रीलंङकाको बगलादेशको सवै देशको ब्यवसायी भेला भएको अवस्थामा साउथ एसियन फोरम भन्ने गठन गर्नुपर्छ त्यो गठन गरिसकेपछि समग्र देशका समस्याहरु हरेक प्राय प्राय त्यस्तै देखियो हामीले नेपालमा जस्ता समस्याहरु छन् भुटानमा पनि श्रीलंङका, म्यानमारमा, बगलादेशमा पनि समस्या देखिए हाम्रोमा जस्तो भन्सार नलागे पनि अरु कुराहरुमा निती नियम, भष्ट्रचारलगायतका समस्या एउटै खालको देखियो उहाहरु सवैले यो समस्या हामी अटो ब्यवसायीले मात्र सावधान गर्न सक्दैनौ हामी अटो ब्यवसायी प्लस सरकारका केही प्रतिनिधि राखेर दुवै तर्फ यो कुराहरु राख्नुपर्छ र त्याहा भेला भएका सवै देशका ब्यवसयीहरु राजी भएका छौं र सवै देशका प्रतिनिधि पनि त्यहा हुनुहुन्थ्यो त्यसको नेतृत्व भारतले गरेको थ्यो भने हाम्रो देशवाट ५/६ जना प्रतिनिधित्व गरेका थियौं । समग्र यसवाट के निस्कर्ष निस्केको छ भने अवका मिटिङहरुमा सरकारका प्रतिनिधिहरुलााई सहित लिएर महत्वपुर्ण मिटिङ गर्नुपर्छ भन्ने कुरा भएको छ त्यसको लागि कानुनी रुपमा गर्नुपर्ने कुराहरु छन् यि सवै पुरा गरिसकेपछि सायद म्यानमारमा हाम्रो दोस्रो मिटिङ हुन्छ त्यो मिटिङ पछि कार्यक्रमले एउटा मुर्त रुप लिएर अगाडी बढ्छ भन्ने मलाई लाग्छ ।



**० नेपालमा हरेका बर्ष अटो शो हुदै आएको छ । हुन्छ । तपाईले भारतमा भएको अटो शो हेर्दा उनीहरुको त आफ्नै देशका उत्पादनरु पनि देख्नु भयो होला । त्यो हेरिरहदा नेपालले पनि आफ्नो उत्पादन गर्न पाए हुन्थ्यो जस्तो लागेन ?**

- उनीहरुको १० बर्षपछि कस्ता खालका उत्पादन बजारमा दिने भन्ने हुन्छ हाम्रोमा अरुवाट ल्याएर बर्षभरिमा कसरी ब्यवसाय गर्ने भन्ने हुन्छ फरक याहा देखिन्छ । तर पनि नेपालले पनि आफ्नो उत्पादन गर्नुपर्छ अटो क्षेत्रमा केही भएन भने पनि अटो स्पेयर्स उत्पादन गर्नुपर्छ टायर र लुब्रीकेट त याहा उत्पादन भइरहेकै छन् । गोरखाली टायर बन्द अवस्थामा छ । केही साना टायर उधोगहरुले उत्पादन भइरहेका छन् । लुब्रीकेटमा १० वटा उधोगहरुले उत्पादन गरेर देशलाई आत्म निर्भर बनाईसकेका छन् । यसमा सरकारले अलिकति सहजीकरण गरिदिने हो भने राष्टूलाई ठुलो योगदान पुऱ्याउन सक्छ । सरकारसँग हामीले माग पनि के गरेका छौं भने राष्ट्रिय उधोगहरु जोगाउनको लागि भन्सार नीतिहरु परवर्तन गर्नुपर्छ होला ।

सरकारले त्यो गरिरहेको पनि छ अस्ति कागजमा पनि त्यस्तै नीति बनाएका देख्यौ बाहिरवाट आएका पुस्तकहरु छन् भने त्यस्तामा भन्सार बढाउने त्यसले देशभित्र रहेका उद्योगहरुलाई संक्षण नै दिन्छ ।

त्यस्तै हामीले के भनेका छौं भने आयात गर्दा भन्सारमा क्वालीटियुक्त सामानलाई मात्र प्रथामिकता दिऊ हाम्रो देशलाई अरुमा फेल भएका गाडीहरु ल्याएर डम्पिङ साइड नबनाऊ ईलेक्ट्रिक गाडीहरु कतिपय गुणस्तरहिन छन् भन्ने सुनिएको छ । त्यो गुणस्तरहिन हुनुभएन । गुणस्तर भएका सामान र याहा आधिकारिका बिक्रेता भएका बिक्रीपछि सेवा पनि पाउने गरी त्यो ग्यारेन्टी पाउने त्यो क्षमता भएका बिक्रेताहरुलाईँ मात्रै आयत गर्ने लाईसेन्स दिनुपर्छ क्वालिटीको सवालमा त्यो स्पेयर पार्टसमा, लुब्रीकेटमा पनि लागुहोस साथै तपाईले भने जस्तै नेपालमा लुब्रीकेट स्पेयर पार्टस, टायर अटो याही बनाउन पर्छ यहा दुईपाग्रे एसम्बलिङका काम त हुदै आएका छन् त्यसैगरी चारपाग्रेको पनि गर्न सकिन्छ । त्यस्तो नहुन्जेलसम्मको लागि बजार प्रबन्धन गरेर काम चलाउनुपर्छ । हामीसँग सम्भावना भएका उर्जा, जलविद्युतलाई विकाश गर्ने हो । पर्यटन त्यतिकै मात्रमा अथाहा छ । यो पर्यटनलाई हामीले बिकाश गर्ने हो । कृषि हामीसँग अथाह छ कृषिलाई हामीले बिक्री गर्ने हो । अटो मोबाइल्सले कृषिलाई पनि टेवा पुऱ्याएको छ । पर्यटनलाई पनि पुऱ्याएको छ । उर्जालााई पनि पुऱ्याएको छ । सवै क्षेत्रमा आ-आफ्नो उत्तिक्कै महत्व छ त्यो रोल अटोमोबाइल्सले जोडेको छ । आर्थिक समृद्धिको लागि अटो मोवाईल्स बिना कल्पना पनि गर्न सकिदैन ।

नेपालमा अझै धेरै सडकको संचना बन्न बाँकी छन् अटो मोवाइल्सको सम्भावना अझै छ । तर व्यवसायी त व्यापार छैन भनेको भन्यै छन् ।

मैले माथि भनेका कुराहरु साहायक हुन मुख्य भनेको सडक र सुरक्षा नै पहिलो प्रथामिकता हो अटो क्षेत्रको सरकारले अस्थाई नीतिले अटो क्षेत्र घटन पनि सक्छ बढ्न पनि सक्छ । भन्सार बढायो भने केही घटन सक्छ । सहज भयो भने केही बिक्री बढ्न सक्छ । तर सडक नै भएन भने त हाम्रो बिक्री बढ्दैन । समग्रमा बिक्री बढ्नको लागि त सडक चाहिन्छ । जनसंख्याको बृद्धि जतिप्रतिशतले हुन्छ सडकको बृद्धिपनि त्यति प्रतिशतले हुनुपर्छ हाम्रोमा २० सौ बर्षदेखि केही सडक पीच हुने बाहेकका सडक बिस्तार भएकै छैनान् । लोकमार्गको कुरा परिकल्पना गरिएको छ त्यो बन्ने क्रममा छ । नयाँ रिङरोड बन्ने कुरा गरेको हामीले सुनेका छौ त्यो भाको छैन । खोलाका करिडोरहरु बनेका छैनान् । धेरै बर्षदखि पुलहरु अलपत्र अवस्थामा छन् तपाई हामीले देख्छौ कालीमाटीको एउटा पुल बन्द गरेर राखिरहेको अवस्था छ । त्यो सरकारले बनाउने हो या नबनाउने सरकारले क्लियर गर्नु पऱ्यो । नबनाउने हो भने भत्काएर फ्याक्नु पऱ्यो । खाली बाटो नै नभएपछि देशमा यातायात आउन सक्दैन त्यसैकारण समृद्धि आउन सक्दैन ।

**० अहिले पनि तपाई उधोग वाणिज्य महासंघको केन्द्रीय सदस्य हुनुहुन्छ आउदो ५४ औं साधारणसभा हुन गइरहेको छ । यो पटकको लागि तयारी कस्तो छ ?**

अब उधोग बाणिज्य संघको चुनाव आउन लागेको छ । यो सधारणसभा पनि हो यो साधारणसभामा पनि म केन्द्रीय सदस्य लड्दै छु । एशोसिएट्स क्षेत्रवाट म केन्द्रीय सदस्यमा लडदै छु । यो भन्दा अगाडीको कार्यकालमा पनि केन्द्रीय सदस्यमा थिए । उधोग बाणिज्य महासंघको बिधान अनुसार कुनैपनि सदस्यले दुईकार्यकाल कार्यसमितिमा पुगेपछि मात्र पदाधिकारीमा जान सक्ने रहेको हुदा दुई कार्यकाल हामी सदस्य मै रहनुपर्ने हुन्छ । बरिष्ठ उपाध्यक्ष शेखर गोल्छा करिबन २ महिनामा स्वत अध्यक्ष बन्दै हुनुहुन्छ उहाँको अध्यक्ष कार्यकाललाई सफल बनाउनका लागि जे जस्तो आवाश्यक टिम, ब्यात्तित्वहरु आवश्यक पर्छ त्यस्ता ब्यक्तित्वहरुलाई ल्याएर जिताएर याकटिभ बनाएर अगाडी बढाउनुपर्छ भन्ने पक्षमा लागेर म काम गरिराखेको छु ।

मैले आफ्नो कर्तब्य पनि निर्वाह गदै आएको छु । म उद्योग बाणिज्य संघको राजश्व कमिटीमा थिए । राजश्वको उपसभापति भएर ब्यवसायका सम्पुर्णको हकहित संक्षण्का लागि बिभिन्न खालका परेका उजुरीहरुको सावधान गर्न भन्सारसँग, आयकरसँग, राजश्व अनुसनधानको कार्यलयमा गएर हाम्रा कामहरु गरेको छौं छलफल, अन्तरक्रिया गरेका छौं । मेरो कत्व्य जे जे पुरा गर्नुपर्ने थियो उधोग बाणिज्य महासंघमा त्यो मैले पुरा गरेको छु । त्यो नाडाको मार्फत पनि गरेको छु । उधोग बाणिज्य महासंघको तर्फवाट पनि गरेको छु र अवपनि गर्ने छु । सेखर गोल्छाको टिमलाई सहयोग गरेर अगाडी बढाएर उहाको कार्यकाललाई सफल बनाउनको लागि म लागि पर्ने छु ।

अन्तमाः मलाई यो महत्वपुर्ण समयमा तपाईहरुको यो लोकप्रीय जन आकाश मिडिया मार्फत मेरा अनुभव र धारणाहरु राख्ने मौका दिनुभयो त्यसका लागि धन्यवाद दिन चाहान्छु ।

# मुक्तिनाथ विकास बैंकद्वारा प्राणोदयलाई सहयोग

मुक्तिनाथ विकास बैंकले लि.ले संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रम अर्न्तगत भक्तपुर, ठिमी स्थीत प्राणोदय आधारभूत विद्यालयलाई शैक्षिक तथा खेलकुदको सामाग्री वितरण गरेको छ। उक्त सामाग्रीहरु श्री प्राणोदय आधारभूत विद्यालयका प्राधानाध्यापक सरिता अधिकारीलाई मुक्तिनाथ विकास बैक ठिमी शाखाका शाखाप्रमुख दिनेश श्रेष्ठले हस्तान्तरण गर्नुभयो। बैंकले यस सहयोगबाट विद्यार्थीको सिकाई प्रकियामा थप सहयोग पुग्ने अपेक्षा गरेको बताएका थिए।

मुक्तिनाथविकास बैंकले आवासीय प्रयोजनका लागि आफ्नो वा एकाघर सदस्यको स्वामित्वमा रहेको घर, घडेरी , घरजग्गा तथा फ्ल्याट ⁄अपार्टमेन्टमा भएको स्व-लगानीमा म्भदत ापखभचबनभ लिने गरी भ्त्रगष्तथ ँष्लबलअष्लन गरिने र अन्य बैंक वित्तीय संस्थाले लगानी गरेको कर्जालाई पुनःलगानी गर्न सकिने गरी मुक्तिनाथ घर पूँजीकर्जा सञ्चालनमा ल्याएको छ। घर पूँजी कर्जा आकर्षक ब्याजदरमा १५ बर्षको लागि लिन सकिनेछ। यसका साथै, बैंकले मुक्तिनाथ सरल व्यवसायिक कर्जा पनि सञ्चालनमा ल्याएको छ। यस कर्जा विभिन्न व्यवसाय स्थापना गर्न, आधुनिकीकरण गर्न र साथै व्यवसायमा हाल भइरहेको पूँजीगत तथा चालु पूँजी स्व-लगानीमा ँष्लबलअर्ष्बा ापखभचबनभ लिने गरी उद्योग,व्यापार एंव सेवामुलक संस्था व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने संरचना⁄पूर्वाधारमा लाग्ने पूँजीगत खर्चहरु परिपूर्ति र मौज्दात, आसामी, पेश्कीलगायत स्थायी प्रकृतिका चालु पूँजी आवश्यकता पूरा गर्न तथा दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने अन्य कार्यशील पूँजीको लागि प्रदान गरिने सेवाहरुको योजना ल्याएको हो।

# प्रभु बैंक लि. को नयाँ निक्षेप योजना

काठमाडौ। प्रभु बैंक लिमिटेडले विभिन्न कलेज अध्ययनरत विद्यार्थीहरु तथा कर्मचारीहरुलाई लक्षित गर्दै आकर्षक सेवा सुविधा सहित एचबदजग न्ययमगिअप क्बखष्लन नामक नयाँ निक्षेप योजना सञ्चालनमा ल्याएको छ। शुन्य मौजदातमा खाता खोल्न सकिने एचबदजग न्ययमगिअप क्बखष्लन खाता खोल्नासाथै उक्त खातामा बैंकको तर्फबाट रु. १००।- जम्मा गरिदिने व्यवस्था मिलाईएको छ।एचबदजग न्ययमगिअप क्बखष्लन योजना अन्तर्गत खाता खोल्ने खाता धनीहरुलाई वार्षिक ६.५ प्रतिशत ब्याज, डिम्याट खाता, मेरो शेयर अनलाइन सेवा, डेबिट कार्ड, अन्तरशाखा कारोबार, इन्टरनेट बैंकिङ्ग, मोवाइल बैकिङ्ग लगायतका सेवाहरु निःशुल्क रुपमा उपलब्ध हुनेछन्। एचबदजग न्ययमगिअप क्बखष्लन अन्तर्गत खाता खोल्ने खाता धनीहरुलाई बैंकले आफ्नो सहायक कम्पनी प्रभु क्यापिटल लि. सँगको आवश्यक समन्वय तथा सहकार्यमा सम्बन्धित कलेज तथा विश्वविद्यालयहरुमै गएर पूँजीबजारसँग सम्बन्धित लगानीका अवसरहरु जस्तै एचबदजग न्ययमगिअप क्बखष्लन आदिको बारेमा व्यवहारिक ज्ञान तथा यथार्थपरक परामर्श प्रदान गर्ने व्यवस्था रहेको छ। बैंकको यस क्षएइक,ँएइक, ऋबउष्तबा ःबचपभत मा सहभागी हुने विद्यार्थीहरुलाई आफ्नो अध्ययन सँगसँगै आर्थिक आत्मनिर्भरतातर्फ अग्रसर हुने अवशर समेत मिल्नेछ। बैंकले सञ्चालनमा ल्याएको यस निक्षेप योजना एचबदजग न्ययमगिअप एचबदजग न्ययमगिअप क्बखष्लन मा विभिन्न कलेज तथा विश्वविद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु तथा कर्मचारीहरु सहभागी हुनुभई प्रभु बैंक लि. को अत्याधुनिक एवं गुणस्तरीय बैंकिङ्ग सुविधा उपभोग गर्दै देशको पूँजीबजारसँग सम्बन्धित अवसरको यथेष्ठ लाभ उठाउन सक्ने बैंकले जनाएको छ।

# नेपाल टेलिकमको लार्ज डाटा प्याक

तपाईलाई एकै पटक धेरै डाटा प्रयोग गर्नुपर्ने आवश्यकता छ। त्यसो भए अब चिन्ता गर्नु पर्दैन।

यसको समाधानको लागि नेपाल टेलिकमले लार्ज डाटा प्याक (Large Data Pack) उपलब्ध गराइरहेको छ। यो प्याक एक पटक सब्स्क्राइब गरे पछि लामो समय सम्म चलाउन पाइन्छ र तुलनात्मक रुपमा निकै सस्तो पर्दछ। कम्पनीले यस अन्तर्गत ३० जीबी र ६० जीबीको प्याक उपलब्ध गराइरहेको छ। ३० जीबीको प्याक आवश्यकता अनुसार ९० दिन सम्म चलाउन सकिन्छ। यस प्याकको मूल्य १ हजार ६ सय रुपैयाँ छ। त्यसैगरी ६० जीबी प्याक १ सय ८० दिन सम्म प्रयोग गर्न सकिन्छ। यसको मूल्य ३ हजार रुपैयाँ छ। यसरी प्याक प्रयोग गरी डाटा चलाउदा प्रतिएमबी करिव ५ पैसा मात्र खर्च लाग्दछ। उल्लेखित रकम करसहितका हुन्। लार्ज डाटा प्याक लिनका लागि आफ्नो मोबाइलबाट *1415# डायल गरेर विन्टर अफर अन्तर्गतको लार्ज डाटा प्याक छनोट गर्नु पर्दछ। त्यसैगरी सिधै *1415*1*7# डायल गरेर पनि यो सेवा प्राप्त गर्न सकिन्छ। त्यसपछि आफूलाई आवश्यक ३० जीबी डाटाका लागि १ र ६० जीबी डाटाका लागि २ छनोट गरी प्याक लिन सकिन्छ। आफूले प्रयोग गरिरहेको मोबाइलमार्फत एसएमएस पठाएर पनि यी प्याकहरु सब्स्क्राइब गर्न सकिन्छ। यसका लागि क्रमशः DATA30GB वा DATA60GB लेखेर १४१५ मा एसएमएस पठाउनु पर्दछ। नेपाल टेलिकमको वेबसाइट www.ntc.net.np मा दिइएको विभिन्न प्याकेज मध्ये लार्ज डाटा प्याक छनोट गरेर वा Self Care Account मा रजिष्टर गरेर पनि यी प्याकेज खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यी प्याक खरिद गरी प्रयोग गर्न सकिन्छ।

# बैंक अफ काठमाण्डू लिमिटेडको भिसा नगद फिर्ता योजना

बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो कार्ड बाहक ग्राहक महानुभावहरुको आवश्यकता तथा ग्राहक वर्गको उच्चतम् लाभ लाई मध्यनजर गर्दै बिओके भिसा नगद फिर्ता योजना सार्वजनिक गरेको छ। कार्ड बाहक ग्राहक महानुभावहरुले नगद फिर्ता योजनाको सदुपयोगको लागि एक महिना भित्र POS तथा E-Commerce कारोबार गर्दा रु. ५०० नगद फिर्ता पाउनु हुनेछ। जस अर्न्तगत एक महिना भित्र कम्तीमा २ वटा POS कारोबार गर्दा रु. २५० नगद फिर्ता पाउनु हुनेछ तथा कम्तीमा २ वटा E-Commerce कारोबार गर्दा रु. २५० नगद फिर्ता पाउनुहुने बैंकले जानकारी गराएको छ।




उक्त नगद फिर्ता योजना अंग्रेजी क्यालेण्डर अनुशार लागू हुनेछ। यस योजनाको उच्चतम फाइदा सदुपयोगको लागि प्रत्येक कारोबार रु. ५०० वा सो भन्दा बढि हुनुपर्नेछ। उक्त नगद फिर्ता योजना सिमित अवधिको लागि मात्र भएकोले छिटै लाभ लिन ग्राहक महानुभावहरुलाई अनुरोध गरेको छ। हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ८७ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ।

# एनआईसी एशिया बैंकको नयाँ शाखा लामाचौरमा

एन आई सी एशिया बैंकले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा समेत आफ्नो सशक्त उपस्थिति जनाउँदै गाउँ-गाउँमा वित्तीय पहुँच तथा वित्तीय सवलीकरणको लागि शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्ने क्रममा प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिका वडा नं.९, लामाचौरमा आफ्नो ५५ औं शाखारहित बैंकिङ्ग सेवा फागुन १८ गतेबाट संचालनमा ल्याएको छ। बैंकिङ्ग सेवाको समुद्घाटन सोही वडाका अध्यक्ष नर बहादुर बुढामगरले गर्नुभयो। उक्त शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा बैंकले गोपाल कृष्ण बुढामगरलाई नियुक्ती गरेको छ। ग्रामीण क्षेत्रका स्थानीयवासीहरूले आफ्नो गाउँमै स्थानीय प्रतिनिधि मार्फत



बैंकिङ्ग सेवा लिन सक्नुहुनेछ। साथै सो सेवाबाट बैंकिङ्ग कारोबारको लागि लामो दूरीसम्म हिड्नुपर्ने वाध्यताको अन्त्य भई ग्रामीण र दुर्गम क्षेत्रहरुमा बैंकिङ्ग कारोबार गर्न सहज हुने विश्वास बैंकले लिएको छ। यस्तो सेवाबाट स्थानीयवासीहरूले निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, उपयोगी सेवा जस्तै टेलिफोन, मोबाइल, एडिएसएल, डिस होम आदिको महसुल भुक्तानी गर्ने, स्वीकृत सीमाभित्र रहि कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिनेछ। बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३१९ शाखा कार्यालयहरु, ४५१ एटिएम, १०७ वटा एक्स्टेन्सन काउण्टर एवं ५५ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ। करिब २१ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन्।

उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान लगायतका दुर्गम जिल्लाहरु तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेका ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ।

## बैकिङ्ग संसार

# तिमाल सामुदायिकको बाह्रौ साधारणसभा हुदै

तिमाल सामुदायिक ग्रामीण बिधुतिकरण सहकारी संस्था लि को बाह्रौ बार्षिक साधारणसभा हुदैछ। पोखरीको नारायणस्थानमा सार्कीमान तामाङको सभातित्वमा र प्रतिनिधिसभाका साँसद गंगा बहादुर दोङको प्रमुख आतित्थ्यतामा भब्य कार्यक्रम हुन लागेको सहकारीका अध्यक्ष सार्कीमान तामाङले जानकारी दिनुभएको हो।



सहकारीका अध्यक्ष सार्कीमान तामाङका अनुसार सभाको कार्यक्रम नाराणस्थानको चौउरमा हुने हुने जानकारी गराएका हुन उक्त कार्यक्रममा सम्बन्धित सवैलाई अग्रीम निमन्त्रणा गरिसकेको पनि उनले बताएका हुन्। तेमाल सामुदायिक ग्रामीण विधुतिकरण सहकारीको यो भन्दा १४ वर्ष पहिला स्थापना भएको थियो। यही सहकारीको पहलमा तेमाल गाउँपालिका लागि विद्युत ल्याउन पहल गरेका थिए।

अहिले सार्कीमान तामाङ अध्यक्ष भएपछि यो सहकारीले राम्रो गति लिएको छ भने तेमालका जनतालाइ विभिन्न सेवाहरू प्रधान गिरहेका छन्।

अहिले हुन लागेको बाह्रौं साधारण सभाबाट सहकारीको प्रगती विवरणलाइ आम शेयरहरूमा प्रस्टाउने उदेश्य रहेको अध्यक्ष तामाङले जानकारी दिनुभएको छ साधारणसभा पछि सहकारीलाई अझै ब्यापक र बिस्तार गरेर स्थानीय क्षेत्रको बिकाशमा योगदान पुर्‍याउने गरी काम गर्न लागेको उनले प्रतिक्रिया दिए।

# एन आई सी एशिया बैंकमा मुद्दती खाता खोल्दा सबैभन्दा बढी फाइदा

काठमाडौं। एन आई सी एशिय बैंककले मुद्दती खातामा उच्च ब्याजदर सँगै २१ लाख रूपैयाँसम्मको बीमा सुविधा पनि दिदै आएको छ। सर्वाधिक उच्च ब्याजदर पाइने खाताको रुपमा चिनिएको मुद्दती निक्षेप खातामा एन आई सी एशिया बैंकले न्यू सुपर चमत्कारिक मुद्दती निक्षेप खाता खोलेकै आधारमा बीमा सुविधा पनि थप गरेको हो। यसअघि विभिन्न अविस्वासनीय सुविधाहरु दिदै आएको बैंकको व्याक्तिगत मुद्दती खातामा ग्राहक महानुभावहरूको लागि तीन विभिन्न अतुलनिय बीमा सुविधा दिएको छ। जसले परम्परागत रुपमा रहेको मुद्दती निक्षेप खाताको परिभाषानै फेरिदिएको छ।

बैंकले ग्राहक महानुभावहरुको सुविधाको लागि न्यू सुपर चमत्कारिक मुद्दती निक्षेप खाता मार्फत जीवनमा आईपर्न सक्ने अकल्पनीय जोखिमको भरपाई गर्न २१ लाख रुपैयाँसम्मको चमत्कारिक बीमा सुविधा दिएको छ। बैंकले खातावालाको दुर्घटनाबाट मृत्यु भएमा वा पूर्ण रुपमा अशक्त भएमा १० लाख रूपैयाँसम्मको बीमा सुविधा दिएको छ। यस्तै, ग्राहकमहानुभावले १८ घातक रोगहरुको लागि १० लाख रूपैयाँसम्म र १ लाख रूपैयाँसम्मको औषधी उपचार बीमा सुविधा पाउन सक्नुहुनेछ। ग्राहक महानुभावले बहिरंग (OPD) उपचार गर्नु परेमा २० हजार रुपैयाँ सम्मको सुविधा लिन सकिनेछ। यो २० हजारले डाक्टरको शुल्क, ल्याब टेष्ट, औषधि लगायतका काममा खर्च गर्न सक्नुहुनेछ। ग्राहक सिकिस्त विरामी भइ अस्पतालमै भर्ना हुनुपर्ने अवस्था आएमा बैंकले ८० हजार रुपैयाँसम्म बीमाबाटै खर्च गर्न सकिनेछ।

बैंकले ल्याएको विभिन्न निक्षेप योजनामा हालसम्म १ सय २ जना ग्राहकले यो सुविधाबाट रु ६० लाख भन्दा बढीको बीमा रकम प्राप्त गरीसक्नु भएको छ। एन आई सी एशिया बैंकमा मुद्दती खाता खोलेकै भरमा पाइने यस्तो सुविधा देशकै सर्वोत्कृष्ट मुद्दती योजना रहेकोले आफ्ना ग्राहकवर्गहरुको लागि निकै फाइदा पुग्ने बैंकले विश्वास लिएको छ। २१ लाखसम्मको बीमा सर्वसाधारण आफैले गर्नु परेमा करिब १४ हजार रुपैयाँ बीमा शुल्क तिर्नुपर्ने हुन्छ। तर यस न्यू सुपर चमत्कारिक योजना अन्तर्गत बैंक स्वयंले उक्त बीमा सुविधा बापत लाग्ने बीमा शुल्क (प्रिमियम) सम्झौता गरको एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड लाई बैंकले सम्झौता गरे अनुरुप भुक्तानी गरिदिन्छ। जसले गर्दा ग्राहकले कुनैपनि अतिरिक्त शुल्क खर्च नगरि १४ हजार रुपैयाँको सेवा लिन सक्नुहुनेछ।

न्यूनतम १ लाख वा सो भन्दा बढीको मुद्दती निक्षेप खातामा भने १२ लाख ५० हजार रूपैयाँसम्म बीमा सुविधा प्राप्त गर्न सक्नुहुनेछ। बैंकले खातावालाको दुर्घटनाबाट मृत्यु भएमा वा पूर्ण रुपमा अशक्त भएमा १० लाख रूपैयाँसम्मको बीमा सुविधा दिएको छ। यस्तै, ग्राहक महानुभावले १८ घातक रोगहरुको लागि २ लाख रूपैयाँसम्म र ५० हजार रूपैयाँसम्मको औषधी उपचार बीमा सुविधा पाउन सक्नुहुनेछ।

| न्यूनतम निक्षेप रकम | बीमा सुविधा |
|---|---|
| ब्याजदर | |
| रू १ लाख वा सो भन्दा बढी | १२ लाख ५० हजार बीमा |
| सुविधा | ९.७५% |
| रू १० लाख वा सो भन्दा बढी | २१ लाख बीमा सुविधा |
| ९.७५% | |
| रू २५ लाख वा सो भन्दा बढी | २१ लाख बीमा सुविधा |
| ९.७५% | |

ग्राहक महानुभावहरूले न्यू सुपर चमत्कारिक मुद्दती निक्षेप खाता खोलेकै आधारमा यो फाइदा लिन सक्नुहुनेछ। बैंकर्स संघमा भएको भद्र सहमती अनुसार बैंहरुले मुद्दती निक्षेप खातामा ९.२५ प्रतिशत सम्म ब्याज पाउनुहुनेछ। त्यसमा शाखा प्रमूखले बढीमा ०.५० प्रतिशत सम्म ब्याजदर थप्न सक्छन्। त्यसैले प्राय सबै बैंकले मुद्दती निक्षेप खातामा बढीमा ९.७५ प्रतिशत सम्म ब्याज दिन्छन्। एन आई सी एशिया बैंकले भने सर्वाधिक उच्च ब्याजदर सँगै आफ्ना ग्राहकवर्गको फाइदाको लागि २१ लाख रूपैयाँसम्मको बीमा सुविधा थप गरेको हो।

# अचम्मको आरोप



**कृष्ण बहादुर बोगटी काका**
**धुम्बाराही ४, काठमाण्डौ**

सत्य घटनामा आधारित झुटो आरोपले पनी फसे नेपाल बाल मजदुर सरोकार सिविन को हो । २०६६ साल सम्म मैले १० बर्ष भन्दा बढी काम गरी बच्चा संगमात्र काम गरि सके को थियँ । २४ सैं घण्टा बच्चीहरुसँग मात्र बस्ने गरेको थियो त्यसबेला मलाई बलात्कार जस्तो जघन्य अपराध भएन किन किनभने मैले सिविन सन्चालकको विरोध गरेकै थिइन पछि जब दश बर्ष सेवा गरी सकेपछि मैले खाईपाइ आएको तलबबाट प्रति महिना दुई हजार घटाइ मेरो बच्चाबच्ची पढाउन र अरु दुखीहरुलाई समेत सहयोग गर्नबाट बन्चित गराएको हुँदा मैले भ्रष्टाचारी गौरी प्रधान र सुबोध श्रेष्ठ एकाउन्टेण्टको विरोध गरे । पहिला र अहिलको तिमीहरुको सम्पत्ती कति थियो मेडियामा गई प्रचार गरी दिन्छु भन्दा मलाई दिउसै धेरै कर्मचारी बच्ची सबै भएको बेलामा मलाई फसाउन झुटो आरोप लगाई घुम्न जाउँ भनी आफ्नै गाडीमा हाली सुबोध श्रेष्ठ एकाण्टेण्टले झुक्काई प्रहरीमा पहिला देखिनै सेटिङ्ग मिलाइ राखेको रहेछ मलाई फसाउन २०६६ साल साउन २३ गते शुक्रबार नै आफ्नो गाडी लिई सुबोध श्रेष्ठ र कुमार भट्टराई सिविन बालिका गृह तिन थानामा मलाई फसाउन आएका थिए । त्यस बेला मेरो श्रीमती र नाती पनि बालिका गृह अफिसमा भएको कारण केही नबोलि फर्कि गए र पुन फेरी २०६६ साल साउन २५ गते आइ काम छ काका बाहिर घुम्न जाउँ भनी प्रहरी विट कालमाटीमा पहिला देखि नै षडयन्त्र गरी राखेको रहेछ मलाई एकछिन काम छरे काका तपाई बसी रहनु होला हामी घुमेर आउँछौ केही गरी हामी आउन ढीला भए ट्याक्सी चढी अफिस जानु भनी सुवोध श्रेष्ठ एकाउन्टेण्ट रु. ५००। पाँच सय दिई गयो आखिरी मलाई झुटो आरोप लगाई फसाई सकेको रहेछ मेरो हाकिम गएपछि मात्र मलाई थाहा भयो कि म त झुटो आरोपमा फसी सकेको रहेछु । अब कुनैपनि निर्दोष न फसोस भनेर बारम्बार सचेत गराउन पटक पटक सबैतिर जानकारी गराई राखेको छु । अब कुनैपनि भ्रष्टाचारीले आफुले गरेको गल्ती अरुलाई थोर्पन नपाओस मेरो मातृभुमी नेपालको जय जय जय गरिब सहायक बच्चाबच्ची देखाइ खानेको दिन अब गए गए गए ।

## खेलकुद

# क्रिकेट : नेपालको दोस्रो हार

काठमाडौँ । थाइल्याण्डमा जारी एसीसी इस्टर्न रिजन टि–ट्वेन्टी क्रिकेट प्रतियोगितामा नेपाल हङकङसँग पराजित भएको छ । बैंककको टेडथाई क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल हङकङसँग ४३ रनले पराजित भएको हो । लगातारको दुई हारसँगै एशिया कप छनोटमा पुग्ने नेपालको सम्भावना न्यून हुँदै गएको छ । यसअघि नेपाल आफ्नो पहिलो खेलमा मलेशियासँग २२ रनले पराजित भएको थियो ।



पहिले ब्याटिङ गरेको हङकङले नेपाललाई १५५ रनको विजयी लक्ष्य दिएको थियो । जवाफमा नेपाल १८ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटियो । शुरुआती ब्याट्सम्यान कुशल मल्ल र ज्ञानेन्द्र मल्लले पहिलो विकेटका लागि ४.४ ओभरमा ४२ रनको साझेदारी गर्दै राम्रो शुरुआत दिलाए पनि त्यसपछि निरन्तर विकेट गुम्दा नेपाल हार बेहोर्न बाध्य बन्यो ।

नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले सर्वाधिक ४६ रनको योगदान दिनुभयो भने कुशल १९ रनमा आउट हुनुभयो । यस्तै अविनाश बोहराले १२ रन जोड्दा आरिफ शेखले १० रन बनाउनुभयो । करण केसीले ७, विनोद भण्डारी र दिपेन्द्र सिंह ऐरी ५/५ रन जोड्दा पारस खड्का ४ रनमा पेभेलियन फर्किनुभयो । पवन सर्राफ १ रनमा आउट हुँदा सन्दीप लामिछाने शून्य रनमा आउट हुनुभयो ।

बलिङतर्फ हङकङका हरुन मोहमद अर्साद एक्लैले ५ विकेट लिनुभयो भने अफ्ताफ हुसेनले ३ तथा इशान खानले २ विकेट लिनुभयो ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको हङकङले २० ओभरमा ६ विकेट गुमाएर १५४ रन बनाएको थियो । हङकङका लागि निजाकत खानले सर्वाधिक ४८ रनको योगदान दिनुभयो भने साहिद वासिफले २६ रन जोड्नुभयो ।

त्यसैगरी कप्तान अजिज खानले २९, हरुन मोहमद अर्सादले २७, जेम्स जोनले १३ तथा वाकस खानले ५ रन जोड्नुभयो । बलिङतर्फ नेपालका सन्दीप लामिछाने र सुशान भारीले २/२ विकेट लिँदा कुशल मल्लले १ विकेट झार्नुभयो ।

अब नेपालले आफ्नो तेस्रो खेल बुधबार आयोजक थाइल्याण्डसँग खेल्नेछ । प्रतियोगितामा नेपालसहित मलेशिया, थाइल्याण्ड, सिङ्गापुर र हङकङले प्रतिस्पर्धा गरिरहेका छन् ।

# सरोजको कथा

**बाल कथा**

सरोज खवासको जन्म दार्चुला जिल्लाको विकट स्थान धरमतला भन्ने ठाउँमा भयो । उनको परिवारमा दिदी, बहिनी बा र आमा समेत पाँच जना सदस्य छन् । घरमा पाँच गोटा बाखा र दसगोटा कुखुरा पालेका छन् । जग्गा जमीन पनि थोरैमात्र छ । जग्गाको आम्दानीबाट वर्षको ४ महिना मुस्किलले खान पुग्छ । बाल बच्चाहरू बढ्दै गए । खाने मुख बढदै गए । लत्ता कपडा, दशैं तिहार,तेल मसला, लगायत घर व्यवहारमा परिआउने काम टार्न धौधौ परेको छ । श्रीमती ठूलीको काम बाल बच्चाको रेखदेख, घरधन्दा र चुलोचौको, बाखा, कुखुराको स्याहार गर्दै दिन जान्थ्यो । आम्दानीको श्रोत भनेको ठूलेको ज्याला बनी मात्र हो ।

जेठी छोरी कमला र सरोजको उमेरमा साढे दुई वर्षको फरक छ । कमलाले भाइ बहिनीको स्याहार सुसार त पहिले देखिनै गर्दै आएकी हुन् । अव उनी ९ वर्षकी भइन् । भाइ बहिनीको हेरचाहका साथ घरका बाखा कुखुराको हेरबिचार र घरधन्दाको कामजति उनको काधमा थपियो । अव भने ठूलीलाई पनि ठूलेसँग ज्यालाबनी गर्न जान बाटो खुल्यो । सरोजको पनि विद्यालय जाने समय भयो । गाउँमा नजिकै विद्यालय छैन । भएपनि विद्यालय पठाउने क्षमता ठूलेको छैन । दुई जनाको ज्यालाबनीले कठीनसँग घर धानिएको छ । गाउँको चलन अनुसार, छोरी १० वर्ष कटेपछि घर धन्दाको काम जिम्मा लिने र छोरा १० वर्ष कटेपछि छिमेकी देशको पाएक पर्ने सहरमा होटेलमा कामगर्थे । होटेलमा नपाए अरू मजदुरी गर्ने चलन छ ।

तर सरोजले ५ वर्ष भएपछि बाबुलाई भनेर एउटा कलम र कापी मगाए । ठूलेले बजार गएको बेला कलम र कापी ल्याइदिए । त्यति पाएपछि सरोज खेल पनि कमैमात्र खेल्न थाले । कापीमा जताततै कोरकार पारेर बाबुलाई 'हेर बा मैले के के बनाएँ' भनेर देखाउँथे । बाबु विचरा निरक्षरी झन् के बुझ्नु ? आहा कति राम्रो भनिदिन्थे । सरोजको लगनशीलता देखेर जेठा बाबुको छोरा गोपालले सिकाउन थाले । उनले केही दिनमै कखहरा सिके । नेपाली अक्षर राम्रै चिन्न थाले । गोपालको बाको केही दिनमा देहान्त भयो गोपाल वाध्य भएर विदेशिन पुगे । सरोजको एकाएक पढाईमा जाँगर बढेर आयो । जहाँ जे पोको पारेको कागज पाएपनि पढ्ने गर्थे । कतै चित्र देखे बनाउन कोसिस गर्थे । बनाएको चित्र बा आमालाई देखाइहाल्थे ।

छोराको व्यवहार देखेर ठूले हँसिलो मुख पार्दै ठुलीलाई हेरेर 'यो त ठूलो मान्छे पो भइजान्छ की, खेल्न पनि कम खेल्छ, कापी कलम मात्र समाउछ, साथीहरू कोहीसँग झगडा पनि गर्दैन' भनेर सुनाउथे । छोराले पनि बा आमाको कुरा सुनेका थिए । ठूलीचहिँ निधारमा चाउरी पार्दै मलिन भावमा 'के गर्नु एउटो भाइ छोरा छ, सदर मुकाम राखेर पढाउन पनि सकिएन । अव एक दुईवर्ष पछि भतिज गोपालसँग भारत पस्ने त होला नि' भन्थिन् । श्रीमतीले हरेस खाएको देखेर सान्त्वना दिदै मुसुक्क हासेर ठूले भन्थे 'हेर त्यसरी निरास बन्नु हुदैन, भाग्यमा भए आकाशबाट वर्षन्छ भन्छन् के थाहा ? हाम्रो छोराको पनि भाग्यमा छ की, देशमा प्रजातन्त्र पुनस्थापना भएको छ । केही भइपो हाल्छ कि' !

सरोज ६ वर्षको भयो । सरकारले बालबालिकालाई ५ कक्षासम्मको शिक्षा निशुल्क गर्ने घोषणा गऱ्यो । देशैभरि प्राथमिक विद्यालय स्थापना गर्ने योजना चल्यो । स्थानीय जनताको सहभागिता बाट निर्माण सामग्री जुटाउने र छानो छाउन चाहिने जस्ता पाता सरकारले दिनेभयो । कक्षा सञ्चालन गर्न एकजना शिक्षक जिल्ला शिक्षा कार्यालयले खटाउने भयो । अव जनतामा पनि चेतना आयो । पछि विद्यार्थी संख्याको अनुपातमा विद्यालय भवनमा शिक्षक र कोठा थप्दै जाने योजना बन्यो । नीति अनुसार काम चलाउन ३ महिनामा भवन तयार भयो । एकजना शिक्षक जिल्लाले खटाइ दियक्से । गाउँमा सरोज समेत १७ जना विद्यार्थी भए । सबै एउटा कोठमा बस्थे । सरोजले घरैमा नेपाली जानेका हुनाले फुर्सदको समयमा साथीहरूलाई पनि सिकाइ दिन्थे । उनको स्वभाव र अनुशासन देखेर सरहरू पनि प्रशंसा गर्थे । उनी कक्षामा प्रथम हुँदैगए । ठूलेको बूढाबूढीको खुशीको सीमा रहेन ।

प्राथमिक विद्यालयमा ५ कक्षा सम्म मात्र थियो । छैटौं कक्षादेखि कोही सदर



**तेजप्रकाश बाँनिया**
**पूर्व सहायकरथी**

मुकाम र कोही काठमाडौं गए । ठूलेलाई चिन्ता पऱ्यो । काठमाडौंका सरकारी विद्यालयहरूमा निकै नाम चलेको स्वेत सदन थियो । यो विद्यालय दस वर्ष पहिला बृटिश सरकारले निर्माण गरेर नेपाल सरकारलाई बुझाएको थियो । सञ्चालनका लागि अहिले सम्म सरकारले वार्षिक रू. ५० करोड भन्दा बढी अनुदान दिइरहेको छ । त्यस विद्यालयबाट एसएलसी परीक्षामा भाग लिएदेखि हाल सम्म उत्कृष्ट १० जनामा २/३ जना परेकै हुन्छन् । त्यहाँ तोकिएको शुल्क तिरेर छोरा छोरी पढाउन प्रवेश परीक्षामा उपत्यका भित्र र बाहिर गरी थुप्रैले भाग लिन्छन् । यसको अलावा विकट जिल्लाहरूबाट जेहन्दार कोटामा छात्रवृत्तिका लागि परीक्षा दिने छुट्टै हुन्छन् । यस्तो कोटा जिल्लाको जनसंख्याको आधारमा कतै १ कतै २ छ । सरोजले त्यो कुरा थाहा पाए । सूचना निस्कनु पूर्व नै तयारीमा लागे । त्यसै हप्ता १० दिनको समय दिएर सूचना पनि निस्कीयो । १० दिनपछि

बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## कांग्रेस दोरम्बा गाउँ समितिको सभापतिमा लबबहादुर मगर चयन

**– गणेशबहादुर थापा मगर**

दोरम्बा । नेपाली कांग्रेस दोरम्बा गाउँपालिकाको सभापतिमा लबबहादुर थापा मगर चयन हुनु भएको छ । नेपाली कांग्रेस क्षेत्र नं. २ का सचिव होमबहादुर थापा मगरको अध्यक्षता र नेपाली कांग्रेस जिल्ला सभापति लबश्री न्यौपानेको प्रमुख आतिथ्यतामा नेपाली कांग्रेस दोरम्बा गाउँपालिकाको संघीय संरचना अनुरुप पार्टी संरचनाको समायोजन(गठन) सम्बन्धि वृहत भेलाले शनिवार दोरम्वा गाउँपालिकाको भवनमा सम्पन्न भेलाबाट २७ सदस्यीय दोरम्बा गाउँ समितिमा मगरलाई सभापतिमा चयन गरेको हो ।

त्यस्तै सहसभापतिमा राम कुमार लामा, केशव कुमार लामा, डम्बर तामाङ, राम बहादुर श्रेष्ठ, कुल बहादुर गोले र बद्री नारायण श्रेष्ठ रहेका छन् ।

सचिवमा विक्रम तामाङ (डडुवा), लालबहादुर थापा मगर, सहसचिवमा



मिनबहादुर योञ्जन (२ दोरम्बा), विरबहादुर श्रेष्ठ (६ गुन्साल), कोषाध्यक्ष देव थापा मगर (वडा न.३) रहेका छन् ।

त्यस्तै सदस्यहरुमा दिपक थापा मगर (वडा न.६), टंक घिसिङ (वडा न.६), केशर मगर (वडा न.४), श्याम तामाङ (वडा न.४), कुमार महते (वडा न.२), खमला थापा मगर (वडा न.२), राजकुमार श्रेष्ठ (वडा न.५), धम्बा तामाङ (वडा न.१), भिमबहादुर थामी (वडा न.१), छत्रबहादुर दमाई (वडा न.२), सुरेश थापा मगर (वडा न.३), लोकबहादुर वि.क (वडा न.३), कुमार सुनार (वडा न.६), मितबहादुर पहरी (वडा न.२), सपता थापा मगर(वडा न.२) रहेका छन् ।

स्थानीय निर्वाचन सम्पन्न भएको लामो समयपछि नेपाली कांग्रेसले औपचारिक रुपमा गाउँसमिति घोषणा गरेको छ । नेपाली कांग्रेस दोरम्बा गाउँ समितिका सभापति लब बहादुर थापा मगरले पार्टीलाई जनस्तरमा बलियो बनाउन कांग्रेस दोरम्बा गाउँ समितिले सक्रियता बढाउने बताए ।

गाउँपालिका अन्तगत ७ वटै वडाका विभिन्न टोलहरुमा टोल समिति गठन गर्दै पार्टीको संगठन विस्तार गरिने मगरले बताउनुभयो ।

भेलामा उपसभापति जितेन्द्र मोक्तान, महासमिति सदस्य विरबहादुर तामाङ, गंगा अधिकारी, महाधिवेशन प्रतिनिधि दिपक लामा, ने.का जिल्ला कार्य समिति प्रवक्ता नारायण खड्का, गौतम लामा, मुक्त बहादुर महते, मान बहादुर लामा, कविन्द्र तामाङलगायतको उपस्थित रहेका थिए ।

## नगरपालिकाले ११० औं श्रमिक महिला दिवस मनाउने

रामेछाप । रामेछाप नगरपालिकाले ११० औ श्रमिक महिला दिवस विभिन्न कार्यक्रम आयोजना गरेर मनाउने भएको छ । नगरपालिकाले दिवसको अवसर मा लोकगीत प्रतियोगीता गर्ने रामेछाप नगरपालिकाले जानकारी दिएको छ । प्रतियोगीतामा नगरभरीको महिला समुह, महिला सहकारी तथा आमा समुहमा आवद्ध रहेको महिलाहरुले भाग लिन सक्ने रामेछाप नगरपालिका महिला तथा वालवालिका शाखा अधिकृत सरिता बुढाथोकीले जानकारी दिनुभएको छ । प्रतियोगीतामा सहभागी हुनेहरुले जुनसुकै लयमा सन्देशमुलक गीत गाउन सक्ने, आफ्नै मौलिक रचना हुनुपर्ने र एकै व्यक्ति एक भन्दा बढी प्रतियोगी समुहमा बसेर गाउन नमिल्ने उहाँले बताउनुभयो । प्रतियोगीतामा सहभागी हुन चाहनेहरुले फागुन २२ गतेभित्र समुह दर्ता गराउन सक्नेछन र उत्कृष्ट समुहलाई आकर्षक पुरस्कार एवम् प्रमाणपत्रको व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ ।

## स्थानीय तहमा सि.आर.एसको कार्यक्रम सम्पन्न

रामेछाप । नेपाल सि.आर.एस कम्पनीले रामेछापको स्थानीय तहमा आफ्नो कार्यमय सम्पन्न गरेको छ । रामेछापको २ नगरपालिका र २ गाउँपालिकामा संचालित दुर्गम क्षेत्र अभियान कार्यक्रमको वहिरगमन भएको छ । कम्पनीले मन्थलीमा एक कार्यक्रमको आयोजना गरी जिल्लाको मन्थली नगरपालिका , रामेछाप नगरपालिका , खाँडादेवी गाउँपालिका र गोकुलगंगा गाउँपालिकामा संचालित दुर्गम क्षेत्र अभियान कार्यक्रमको समयावधि समाप्त भइको जानकारी दिएको हो । जिल्ला समन्वय समिति रामेछापका प्रमुख प्रेम बहादुर खड्काको अध्यक्षतामा भएको विदाई कार्यक्रममा रमेश ढुंगेल , मन्थली नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत दिपक कोइरालाले संस्थाले गरेको कामका बारेमा आफ्नो बिचार राखेका थिए । त्यसैगरी युएसएडका इभाना र नेपाल सिआरएस कम्पनीका प्रवन्धक जीवलाल पोखरेलले संस्थाले २ बर्षको अवधीमा गरेका कामका बारेमा जानकारी गराए । त्यस कार्यक्रममा मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेत, रामेछापका निमित्त जिल्ला समन्वय अधिकारी गोकुल ढुंगेल ,उपप्रमुख माया कुमारी कार्की, रामेछाप नगरपालिकाकी उपप्रमुख सिर्जना खड्का, खाँडादेवी गाउँपालिका अध्यक्ष प्रेम बहादुर तामाङ,उपाध्यक्ष मखमली श्रेष्ठ र गोकुलगंगा गाउँपालिकाकी उपाध्यक्ष राधिका श्रेष्ठ लगायत स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । जिल्ला समन्वय समिति रामेछापका प्रमुख प्रेम बहादुर खड्काले सि.आर.एस कम्पनी नेपालद्धारा संचालित दुर्गम क्षेत्र अभियान कार्यक्रमले रामेछापको विकट दुर्गम क्षेत्रमा गएर उल्लेख्य काम गर्न सफल भएको भन्दै धन्यवाद दिए । आगामीदिनमा जिल्लाको गाउँपालिका र नगरपालिकाहरुले संस्थामार्फत संचालन भएको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने उनको भनाई छ ।

# संविधान टुकुचाको ढल होइन



मोहन पोखरेल

जनआकाशको कार्यालयबाट निस्के बागबजारको गल्ली छिचोल्दै टुकुचाको सब्जीमण्डी नेर पुग्ने लाग्दा पिसावले हैरान पार्ने। शौचालय प्रवेश गर्न के लागेको थिएँ छोउनेरै बसेको मैलो मैलो कपडा लगाएको एउटा मोटोघाटो डल्लो डल्लो मान्छेले हकार्दै भन्यो - "ए ! डिसा होकि पेसाव"। उसले खाला जस्तो गरेर म तर्फ फर्केर भन्यो - ए! ठुक्क पाँच रुपैयाँ घाटा लाग्यो"। उसले भन्न खोजेको कुरा मैले बुझिहालें। दिसा गरेको भए उसले दश रुपैयाँ असुल्न पाउँथ्यो। पिसाव गरेको हुनाले पाँच रुपैयाँ मात्रै उसलाई हात लाग्ने भयो। त्यही कारणबाट आत्तिंदै उसले "ठुक्क पाँच रुपैयाँ घाटा" भनेको रहेछ।

उसको नाम रहेछ भैयाराम महर्जन। टुकुचाको भैयाराम भनेपछि सबैले चिन्दारहेछन्। अति नै खरो स्वभावको मान्छे। म पनि के कम, पाँच रुपैयाँ घाटा लाग्यो भन्ने मान्छेलाई अब मजा नचखाई भएन भन्दै मैले १०००।- को नोट झिकेर खुद्रा छैन भन्दै उसलाई देखाएँ। एक, दुई ठाउमा साट्ने प्रयास गऱ्यो तर सकेन। मैले आफ्नो नोट खल्तीम राख्दै उसलाई भने - "फेरी आउँदा दिउंला ५ को दश"। उ भुट्भुट्याउन शुरु गरि हाल्यो-"ठुक्क सप्पै घाटा"।

अब यहानेर भन्न खोजेको कुरा के हो भने वामदेव गौतमलाई प्रधानमन्त्री वन्ने बाटो बलियो बनाउने गरी राष्ट्रिय सभाको सांसद बनाउने तयारी गरिदै रहेछ। माधव नेपाल झलनाथ खनाल, प्रचण्ड लगायतका केही नेताहरु लागि परेका रहेछन्। पार्टीको अध्यक्ष सहित प्रधानमन्त्रीको पद भार ग्रहण गरेका केपी ओली किन सुन्थे र। जो कि आफै नै ओर्जिनल अध्यक्ष छन् र लगभग दुईतिहाइको प्रधानमन्त्री। कुरो यहिनेर छर्लङ्ग छकि टुकुचाका भैयाराम जस्ता स्वभाव भएका प्रचण्ड र माधव नेपालहरुले वामदेव गौतमबाट दश रुपैयाँ असुल्न चाहन्छन्। वामदेव ले त वर्दियाबाट पिसाव फेरि सके, दिसा त गरेकै छैनन्। राष्ट्रिय सभामा गौतमलाई नपठाउने हो भने भैयारामले भन्दा भरै "ठुक्क घाटै घाटा" भन्ने सिवाय अरु केही रहदैन।

कुरो अगाडी बढिसकेको छ। शौचालय तयार छ दिसा पिसावका लागि। तर वामदेवले के गर्ने हुन् र प्रचण्डले कस्तो रोल खेल्ने हुन् त्यसैमा निर्भर छ टुकुचा राजनीतिको अर्थपूर्ण खेल। आवश्यकता भन्दा बढी असुल्न खोज्ने र नपाउदा ठुक्क, ठुक्क भन्ने स्वभाव भएका कम्युनिष्ट नेता विचको यस्तो घिन लाग्दो खेल धेरै अघि देखि चल्दे आए पनि यति खेर भने सिमा नाघि सकेको छ। ठूला पार्टीका ठूला नेताले राजनीतिलाई टुकुचाको शौचालय बनाएर आफैं भैयाराम बन्दैछन्। किनकी नेपालको संविधान एउटा व्यक्ति विशेषको स्वार्थका लागि संसोधन गर्ने मजाकको विषय होइन। संविधान टुकुचाको ढल होइन र शौचालय पनि होइन।

कार्यकारी अधिकार पाएको भनिएका प्रचण्ड र नेकपाका दोश्रो तेश्रो वरियतामा कहलिएका माधव नेपाल र झलनाथ खनालहरुले वामदेवको स्वार्थका लागि मुलुकको दस्तावेजलाई नै बदल्न खोज्छन् भने मुलुक टुकुचाको शौचालय जस्तो बन्न सक्छ। जहाँ सरसफाइको कुनै गुन्जाइस छैन। त्यस्तोमा भैयारामहरु रमाउने गर्दछन्। हुन त पार्टी एकिकरण भएदेखि नै भैयारामहरु हावी नभएको दिनै छैन। वर्दियाको राजनीतिक पिसावले च्यापिएका वामदेव गौतम उपयुक्त शौचालय को खोजीमा छन् र टुकुचाको वाटो नै उत्तम समाधान भएको निष्कर्ष निकाल्दैछन् प्रचण्ड र उनिसंग रहेका प्रियजन कमरोडहरु। संघिय गणतन्त्र र यसले अख्तियार गर्दै गएको वाटो कहाँ पुगेको छ भन्ने हेक्का नराख्नेहरुले अब सोच्नै पर्ने हुन आउंछ कि हामी गम्भिर मोडमा छौं र कुनै पनि बेला डुब्न सक्छौं।

एकिकृत कम्युनिष्ट पार्टी (नेकपा) निर्मल स्वच्छ पानिमा ढल मिसिए जस्तो देखिएको छ। वेला कुवेलामा यस्ता फोहोरी खेल भइरहन्छन्। प्रचण्ड र ओलीका विचमा फोहरी खेल चल्न थालेको वर्षौं भैसक्यो। तर साम्य कहिल्यै हुदैन। हुँदा हुदा पूर्व एमालेका नेता समेत ओलीको साथ छोडेर प्रचण्ड तिर वहकिन थालिसकेका छन्। कहिले वामदेवको काँध थाप्ने त, कहिले युवराज खतिवडाको। यी दुवै जना प्रतिनिधि सभाका सदस्य होइनन्। तर पनि यिनीहरुका लागि किन मरिहत्ते हुदैछ ? पार्टी भित्रका दिग्गज भैयारामहरुले अब निष्कर्ष दिनै पर्ने भएको छ। मुलुक चलाउने कि वर्वाद बनाउने ?

अर्को तर्फ प्रधानमन्त्री केपी ओलीको आफ्नो जन्मघरमा एउटा अद्भुत तमासा देखाएका छन्। नेपालको नक्साको केक तयार पारेर चर्चती चिर्दै केक काटोर खाएका छन्। जन्म दिने मनाउने भन्दैमा नेपाल आमाको छाती चिरे जस्तो गरेर केक चिरेर ख्वाउने चलन कहिले र कहाँबाट शुरु भयो ? ५ वटै प्रदेशको जस्तो केक को नक्सा तयार गर्ने र चिरेर खाने अति आगन्तुकलाई ख्वाउने मनोवृत्ती राम्रै संग देखियो। जताततै यसको पर्दाफास भइसकेको छ। प्रदेश संसदमा यस काण्डको धेरै पटक कुरो उठि सकेको छ। प्रधानमन्त्रीले राम्रो संग स्पष्टिकरण दिएका छैनन्। चित्तबुझ्दो किसिमकले भनेको भए यस्तो कुरा उठ्ने नै थिएन।

ववण्डर शुरु भैसकेको छ। प्रधानमन्त्री र नेता मात्र अनलायक छैनन्। केन्द्र देखि प्रदेश हुदै स्थानिय तहसम्मका नेतामा कहि कर्त विवेक र इमान्दारी छैन। जताततै भताभुङ्ग मात्रै छ। त्यसो भएको हुँदा सबै कमरेडहरुले बडो इमान्दारीका साथ, देश चलाउन परेको र गर्नु हुदैन भन्ने मान्ताका साथ अघि बढ्दै जनताको स्यावासी बटुल्न सक्नु पर्दछ। भैयारामको जस्तो ठाडो स्वर होइन कि देश सेवामा अग्रसर भएको झलक दिन सक्नुपर्दछ। नम्र वोलिचालीको विकसीत रुप दिन सक्नु पर्दछ।

## सरोजको कथा....

जिल्लाब्यापी परीक्षा भयो। जिल्लाको एक सिटका लागि जिल्ला भरिका २४ जनाले परीक्षा दिए। अर्को हप्ता रिजल्ट हुँदा सरोजको नाम निस्कीयो।

भर्ना हुन ७ दिने सूचना पनि टाँसियो। सरोज काठमाडौं आए। छात्रावासको ब्यवस्था के रहेछ, भनेर बिद्यालय प्रशासनमा गए। अवसरका साथ चुनौती पनि देखियो। छात्रावासको शुल्क आफैले तिर्नुपर्ने रहेछ। सरोजको क्षमता भन्दा बाहिरको कुरा पऱ्यो। 'नखाउँ भने दिनभरिको सिकार, खाउँ भने कान्छा बाउको अनुहार' भनेझैं भयो। उनले हरेस खाएनन्। 'जहाँ इच्छा त्यहाँ उपाय'। आफ्नो कथा ब्यथा सबै छात्रावासको प्रमुखलाई जानकारी गराए। त्यस्तो समस्या नयाँ भएकाले उनले पनि केही भन्नसक्ने अवस्था थिएन। उनले एउटा सोच निकाले। सरोजको ऐलसम्मको अवस्था र उनको क्षमता सबै स्खिुलाएर अभिभावकहरूमा अनुरोध गरी सरोजको लागि ५ वर्षको छात्रावास शुल्क ब्यहोर्ने हो भने परोपकारका साथै भविष्मा देशले एउटा असल नागरिक पाउने हुँदा इच्छुक अभिभावकहरूले आगामी शुक्रवारसम्म जानकारी दिनु पर्ने सूचना बोर्डमा टाँसियो। 'जसको कोही छैन उसको लागि भगवान छ' भन्थे। नभन्दै शुक्रवार ३ जना सहयोगी अभिभावक आए। प्रशासन प्रमुखले ५ वर्षको शुल्क साझेदारिमा बुझाउने गरी सर्तनामा गराईदिए। भोलिपल्टबाट भर्नाभएर मनोजले कक्षा शुरूगरे। आजसम्मको चुर्नातीलाई अवसरमा ढालेर आफूमाथी सबैतिरबाट भएको सहयोगको लागि ईश्वरलाई मनमनै धन्यवाद दिए। कडा मिहिनेतकासाथ अध्ययन गरेर कक्षामा प्रथम हुदैगए। साथिहरूलाई पनि पढाईमा सहयोग गर्दै गए। एसएलसीको परीक्षामा सर्वोत्कृष्ट भएर आफूलाई सहयागे गर्नेहरू सबैको मुहार हँसिलो पारिदिए।

## फारवार्ड....

सरकारले गर्न नसकेको काम ग्रह्र सरकारी संस्थाले गरेर देखाएको स्पष्ट पारे। दुर दराजका समुदायलाई समेटेर काम गरेको वताउदै उनले सरकार संग प्रतिरोध नगर्ने र भाषागत परिवर्तन गरिनु पर्नेमा जोड दिए।

कार्यक्रम जलदेवी सामुदायिक भवनको कार्यालय आपटारी भरतपुरमा गरिएको थियो।

## ग्लोबल....

समेत सञ्चालन गरेर नेपालमा काम गरिरहेका ढकालको पारदर्शिता भने देख्न सकिएको छैन। कुनै बेला माओवादीका लडाकुहरुले बैक कब्जा गरेका अवैध पैसा थन्क्याउने थलोको रुपमा विकाश भएको आइएमई बैंक अहिले पनि भ्रष्टचारीहरुको हुन्डीमा पैसा ओसार पसार गर्ने थलोको रुममा काम गदै आएको हुदा कुनै पनि बेला राष्ट्र बैंकले एक्शन लिने र बैक नै संकटमा पर्ने उच्च स्रोतको दावी रहेको छ।

- क्रमशः

## माले...

पुग्नुभएको थियो। त्यसैगरी सभामुख अग्नि सापकोटा, उपप्रधानमन्त्री ईश्वर पोखरेल, स्वास्थमन्त्रि भानुभक्त ढकाल, पुर्वप्रधानमन्त्रि डा. बावुराम भट्टराई, पुर्व मन्त्री हिसिला यमी, नेकपा मसालका महामन्त्री मोहनबिक्रम सिंह, राजमोका अध्यक्ष चित्रबहादुर केसी, नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेपाली काँग्रेस (वीप)का अध्यक्ष हरिवोल भट्टराई, प्रज्ञा प्रतिष्ठानका कुलपति गंगा उप्रेती लगायतका शीर्ष ब्यक्तित्वहरुले ग्राण्डी अस्पतालमा पुगि उहाँको स्वास्थ अवस्था बुझ्नुका साथै शिघ्र स्वास्थ लाभको कामना गर्नु भएको छ।

महासचिव लगायतको शनिवारवाट आईसियुवाट हाई केयरमा सारेर उपचार भइरहेको छ। नेकपा( माले) यतिवेला निक्कै अभिभावक बिहिन भएको छ। यता दश दलीय मोर्चामा अग्रभागमा भुमिका निर्वाह गदै आएको पार्टी नेकपा (माले)का महासचिव दुर्घटनामा परेपछि नेपालको भारतले मिचिईएको भुभाग र अमेरिकन विवादित सहयोग एमसिसिको बिरुद्ध आन्दोलनलाई समेत धक्का पुगेको छ।

## ट्राफिक...

गरिएका क्यामराको प्रहरी परिसरे कन्ट्रोल कक्षबाट हेर्न सकिने व्यवस्था गरिएको छ।

प्रहरी उपरीक्षक प्रधानले यो क्यामराको दृश्यलाई यातायात कार्यालयसँग पनि जोडेर कारवाही गर्न सकिने र कुनै सवारीसाधनले दुर्घटना गराएर होस् वा ट्राफिक नियम उल्लङ्घन गरेर भागेमा अर्को दिन नियन्त्रणमा लिएर पनि कारवाही गर्न सकिने जानकारी दिनुभयो।

अहिले सो खण्डमा प्रतिघण्टा ५० किलोमिटर गतिमा मात्रै सवारीसाधन चलाउन पाउने नियम रहेको छ। अबतीव्र गतिमा सवारी चलाउने कारवाहीमा पर्ने छन् तीव्र गतिमा गुडेका सवारीसाधनलाई अर्को स्टेशनमै प्रहरीले पक्राउ गर्न सक्नेछ। अपराध गरेर भागेका सवारीसाधनलाई पनि रेकर्ड हेरेर खोज्न सजह हुनेछ। यो रेकर्ड यातायात कार्यालयमा पनि जाने भएकाले जरिवाना नतिर्ने गल्ती गरेका सवारीसाधनलाई यातायात कार्यालयले डिजिटल रेकर्ड हेरेर सवारी अनुमतिपत्र र सवारी किताब (बिल बुक) नवीकरण र सवारी बिक्रीका बेलामा उसले नतिरेका जरिवाना असुल गर्न सक्नेछ। तर यसका लागि यातायात कार्यालयले त्यसको व्यवस्था गर्नुपर्नेछ।

विकासको नाममा सहयोग गर्नेहरुले हाम्रा आचरण र नैतिकतामा असर पुऱ्याउछन् कि भनि सजग र सचेत होऔं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अन्तराष्ट्रिय समाचार

## अमेरिका-तालिवान सम्झौता : राष्ट्रसंघ र नेटोद्वारा स्वागत

शनिबार कतारको दोहामा अमेरिकाले तालिवान समूहसँग गरेको सम्झौतालाई राष्ट्रसंघले स्वागत गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस, नेटोका महासचिव जेन्स स्टोलटनवर्ग, बेलायती रक्षा मन्त्री बेन वालेसलगायतले स्वागत गरेका हुन् । राष्ट्रसंघ प्रमुख गुटेर्रेसले सम्झौताप्रति प्रतिक्रिया जनाउँदै भन्नुभयो,हिंसामा राष्ट्रव्यापी कटौतीलाई दिइने निरन्तरताले सबै अफगानीलाई हित गर्नेछ । नेटोका महासचिव स्टोलटेनवर्गले भन्नुभयो, सन् २००१ मा सँगै गएका थियौं । हामीले सही समयमा सेनाको संख्यालाई सँगसँगै घटाउँदै लानेछौं र सँगै अफगानिस्तानबाट विदा हुनेछौं । तर अफगानिस्तानमा सबैबुरा ठीक भएपछि मात्रै हामी फर्किनेछौं । बेलायतका रक्षामन्त्री बेन वालेसले भन्नुभयो, म अफगानिस्तानलाई आतंकवादबाट मुक्त गर्नका लागि यो सानो तर महत्वपूर्ण कदमलाई स्वागत गर्दछु । शान्तिमा बाँच्न सक्ने अवसरको दिशामा रहेको अफगानिस्तानमा हामी दशकौंसम्म एक मजबूत साझेदारका रूपमा रहिरहनेछौं ।

## चीनमा कोरोना संक्रमणपछि घर फर्किने विरामीको दर ५२.१ प्रतिशत

चीनमा नयाँ कोरोना भाइरस संक्रमित विरामी निको भएर घर फर्किने दर ५२.१ प्रतिशत पुगेको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

राष्ट्रिय स्वास्थ्य आयोगका प्रवक्ता मी फेङले आइतबार बेइजिङमा एक पत्रकार सम्मेलनमा कोरोना भाइरस संक्रमण र निको भएर घर फर्किने विरामीबारे पछिल्लो जानकारी गराउनुभएको हो । प्रवक्ता मीले भन्नुभयो, चीनका सबै क्षेत्रमा संक्रमितहरूको उपचारपछि घर फर्किने क्रम पछिल्ला केही दिनमा बढेको छ । खासगरी कोरोना संक्रमणबाट बढी प्रभावित हुबेई प्रान्त र प्रान्तीय राजधानी वुहानबाट पनि पछिल्ला दिनमा निको भएर फर्किने दर बढेको उहाँको भनाइ छ । उहाँले पछिल्ला केही दिनमा नयाँ संक्रमित विरामीको सत्या क्रमशः कम हुँदै गएपछि यहाँका मानिसहरु काममा फर्किने क्रम पनि बढ्दै गए पनि अझै चीनबाहिर देखिएको बढ्दो संक्रमणको दरसँगै तत्काल बन्द भएका उद्योग, विद्यालय तथा अन्य संस्थाहरूलाई तत्काल खुला गर्न खतराको अझै निर्णय नलिएको बताउनुभयो । यद्यपि चीनले विभिन्न क्षेत्रमा फरक फरक उपायको अवलम्वन गर्दै संक्रमणलाई फैलिनबाट रोक्ने प्रयासहरूलाई निरन्तरता दिइरहेको उहाँले बताउनुभयो ।

## ग्रीसले १० हजार आप्रवासीलाई सीमामा रोक्यो

ग्रीसले टर्कीको सीमाभित्र प्रवेश गर्न चाहने झण्डै १० हजार आप्रवासीलाई सीमामै रोकेको ग्रीसको सरकारले जनाएको छ । सरकारी स्रोतले गैरकानुनी रूपमा प्रवेश गर्न खोज्ने झण्डै ९ हजार ९७२ जना आप्रवासीलाई एभरोस क्षेत्रतर्फ फर्काइएको जनाएको छ । यो क्षेत्र टर्कीसँग सीमा जोडिएको छ । टर्कीका राष्ट्रपति रिसेप तायिप एर्डोगानले गत साता युरोपतर्फको सीमा खुला गरिदिने धम्की दिएसँगै ठूलो संख्यामा शरणार्थीहरू ग्रीस र टर्कीको सीमा क्षेत्रमा आइपुगेका थिए७क। सिरियाली द्वन्द्व समाधानमा युरोपेली सरकारमाथि दबाब दिन टर्कीका राष्ट्रपतिले यस्तो कदम चाल्नु भएको हो । हालैमात्र सिरियाको इड्लिबमा सिरियाली फौजको हवाई कारबाहीमा दर्जनौं टर्केली सेनाको ज्यान गएपछि परिस्थिति जटिल बनेको छ७क। एक जना सरकारी स्रोतले सेना र प्रहरीले आफनो भूमिमा प्रवेश गर्न चाहने हजारौं सिरियाली शरणार्थीलाई सीमामै रोकेको बताएको छ७क। आइतबार बिहानै कास्टानिज वन क्षेत्रको बाटो हुँदै ठूलो समूह ग्रीसतर्फ प्रवेश गर्न खोजेको स्रोतले बताएको छ । ग्रीकका अधिकारीहरूले ७३ जना आप्रवासीलाई पक्राउ गरिएको बताएका छन् । तर उनीहरू इड्लिबका नभई अफगानिस्तान, पाकिस्तान र सोमालियाका नागरिक छन् । झण्डै १३ हजार आप्रवासी टर्की ग्रीस सीमा क्षेत्रमा भेला भएका छन् । अन्तर्राष्ट्रिय आप्रवासी संगठनका अनुसार यी व्यक्तिहरूसँग बालबालिका र परिवारका अरू सदस्य सहित छन् । ग्रीसका सुरक्षाकर्मीले इभरोस नजिक आसपास गस्ती बढाएका छन् । उनीहरूले लाउडस्पिकरबाट आफनो भूमिमा प्रवेश नगर्न चेतावनी समेत दिएका छन् । कतिपय स्थानमा प्रहरीमाथि ढुंगा प्रहार गर्ने आप्रवासीलाई नियन्त्रणमा लिन प्रहरी र सेनाले अश्रुग्यास प्रहार गरेको छ७क। टर्कीमा हाल झण्डै ३६ लाख शरणार्थीले आश्रय लिइरहेका छन् । उनीहरूमध्ये अधिकांश युरोप प्रवेश गर्ने योजनामा छन् । टर्कीका राष्ट्रपतिले यी आप्रवासीलाई युरोपले मानवीय सहायता नदिए आफूले सीमा खोलिदिने बताउँदै आउनु भएको छ ।

## तालिबान युद्धबन्दी लडाकूलाई अहिल्यै छाड्न सकिन्न : अफगान राष्ट्रपति

अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले सात दिने आंशिक युद्धबिराम जारी रहने बताउनु भएको छ । तर उहाँले अमेरिका-तालिबानबीच सम्पन्न नयाँ सम्झौताको प्रमुख अंशका रूपमा रहेको हजारौं तालिबानी विद्रोही बन्दीहरूलाई रिहा गर्ने निर्णय अफगान सरकारलाई अस्वीकार्य रहेको बताउनुभयो७क। शनिबार दोहामा अमेरिका र तालिबानबीच सम्पन्न ऐतिहासिक सम्झौतामा हस्ताक्षर हुनुअघिको हप्तासम्म हिंसामा कमी आएको थियो७क। सम्झौतामा मुख्य रूपमा अमेरिकी समेत सबै विदेशी सैनिक १४ महिनाभित्र स्वदेश फर्किने उल्लेख छ । यसको बदलामा तालिवानले धेरै प्रतिज्ञाहरूलाई सम्मान गर्नु पर्नेछ भने अझ विस्तृत शान्ति सम्झौताका लागि काबुलसँग वार्ता गर्नु पर्नेछ७क। पूर्ण युद्धविरामको अवस्था सिर्जना गर्न हिंसामा कमी आउनु पर्नेछ, काबुलमा आयोजित पत्रकार सम्मेलनमा घानीले भन्नुभयो । जनरल स्कट मिलरले तालिवानलाई यही गर्न सल्लाह दिनु भएको छ । यो अवस्थाले निरन्तरता पाउने अपेक्षा गरिएको छ, अफगानिस्तानमा तैनाथ विदेशी सेनाका संयोजक अमेरिकी कमाण्डरतर्फ देखाउँदै राष्ट्रपति घानीले भन्नुभयो । तर, शान्तिको मार्गमा गतिरोध ल्याउन सक्ने एउटा बुँदातर्फ ध्यानाकर्षण गर्दै घानीले सम्झौताका शर्तहरू निकै विवादस्पद रहेको बताउनुभयो७क। सम्झौताको एउटा धारामा तालिबानले बन्धक बनाएका १ हजार सरकारी सैनिक र सरकारी कारागारमा थुनिएका करिब ५ हजार तालिबानी लडाकूलाई रिहा गर्नुपर्ने उल्लेख छ । पाँच हजार तालिबानी बन्दीलाई रिहा गर्ने प्रतिबद्धतामा अहिल्यै सहमत हुन सकिन्न, घानीले भन्नुभयो । यो अफगानिस्तानका जनताको अधिकार र आत्मनिर्णय हो ।

# वर्षे जनयुद्धबाट नेपाली जनताले के पाए ? के गुमाए ?



हस्तबहादुर केसी

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा वि.सं. २०५२ साल फाल्गुन १ गते रोल्पा जिल्लाको होलेरी प्रहरी चौकी, रूकुम जिल्लाको राडीज्यूला प्रहरी चौकी, सिन्धुली जिल्लाको सिन्धुलीगढी प्रहरी चौकी र गोरखा जिल्लाको साना किसान परियोजनाको कार्यालयमा एउटै समयमा र एकैसाथ फौजी आक्रमण गरी ती प्रहरी चौकीहरू कब्जा गरेर महान् जनयुद्धको थालनी गरिएको थियो , त्यो जनयुद्धले यही २०७६ साल फाल्गुन १ गतेदेखि २४ वर्ष पुरा गरेर २५ वर्षमा प्रवेश गरिसकेको छ । गत फाल्गुन १ गते माओवादी क्रान्तिकारीले देशव्यापी रूपमा महान् दश वर्षे जनयुद्धको २५ औ जनयुद्धको दिवस भव्यताका साथ मनाए र जनयुद्धले लिएका लक्ष्यहरू पुरा गरिछाड्ने प्रतिबद्धता पनि प्रकट गरे ।

माओवादी क्रान्तिकारीले फाल्गुन १४ गतेदेखि २१ गतेसम्म शहिद सप्ताहका रूपमा मनाउँदै आएका छन् । शहिद सप्ताह माओवादीहरूले युद्धकालिन अवस्था देखि नै मनाउँदै आएकाा छन । यस वर्ष पनि माओवादी क्रान्तिकारी कम्युनिस्टहरूले शहिद सप्ताह मनाइरहेका छन् ।

जनयुद्धका महान् शहिदहरूको संझनामा मनाइने यस ऐतिहासिक शहिद सप्ताहका सन्दर्भ पारेर यो एक आलेख लेख्न प्रयत्न गरिएको छ ।

"प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने मुल नाराका साथ र " विद्रोह जनताको अधिकार हो , जनयुद्ध- जिन्दावाद " नाराहरू लगाउदै महान् जनयुद्धको थालनी गरिएको थियो ।

यसका साथै तत्कालीन नेकपा ( माओवादी) को १९ सदस्यीय केन्द्रीय नेतृत्वले महान् जनयुद्धको ऐतिहासिक पहलका लागि र जनयुद्धका लक्ष्यहरू पुरा गरेरै छाड्ने ७ बुँदे प्रतिबध्दता र जनयुद्धका ४ तयारी पुरा गरि छाड्ने प्रतिबधाता जाहेर गरिएको थियो ।

उक्त माओवादीको केन्द्रीय नेतृत्वले महान् जनयुद्धको पहिलो योजना तर्जुमा गर्न २०५२ साल असारमा बसेको केन्द्रीय समितिको पूर्ण बैठकले निम्न लिखित ७ प्रतिबद्धताहरू जाहेर गरेको थियो , जो यस प्रकार छन् स्
३ जनयुद्धको ऐतिहासिक पहलका लागि हाम्रो सैधान्तिक प्रतिबधाताहरू :

(१) हाम्रो यो योजना क्रान्तिकारी हिंसा सम्बन्धि मार्क्सवाद-लेनिनवाद -माओवादका शिक्षामा आधारित हुनेछन् । हाम्रो देशको विशिष्टता अनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एक पटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराजय मार्क्सवादी सैन्य सिध्दान्तका रूपमा जनयुद्धको सिध्दान्त प्रति अविचल रहने प्रतिज्ञा गर्दछ ।

(२) जनयुद्धको थालनीको हाम्रो यो योजना " राज्यसत्ता वाहेक अरू सबै भ्रम हो " भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निम्ति राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उध्देश्ये हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद , सुधारवाद, अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन प्रवृत्ति विरूद्ध निरन्तर संघर्ष गर्न पार्टी आफनो प्रतिबद्धता जाहेर गर्दछ ।

(३) हाम्रो यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पुरा गर्ने , त्यसको गगतै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्व अन्तरगत क्रान्ति जारी राख्ने सिध्दान्तका आधारमा साँस्कृतिक क्रान्तिकारीहरू चलाउदै मानव जातिकै स्वर्णीम भविष्य साम्यवादको स्थापनासम्म जाने उध्य्श्येमा आधारित हुनेछ । एक पटक हतियार उठए पछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताविना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनता प्रति अपराध हुने कुरामा हामी दृढ छौ । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने , प्रतिक्रियावादीलाई दवाव दिई सामान्य संझौतामा टुंग्याउने साधन बन्न कदापि दिइने छैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी , संकीर्ण रूपले मुक्त रहनेछ ।

(४) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहने छ । नेपाली क्रान्ति , सर्वहारा विश्व क्रान्तिको अभिन्न अंग हो र यसले विश्व क्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा विश्व क्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघिबढिरहेको " क्रान्तिकारी अन्तर्राष्ट्रियता वादी आन्दोलन (रिम ) "जसको हाम्रो पार्टी पनि सदस्य छ " को विकासमाअझ बढी सहयोग पुर्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

(५) हाम्रो यो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैधान्तिक मान्यतामा आधारित रहनेछ । अन्तर्विरोधको नियमको सार्वभौमिकता अनुसार पार्टी भित्री संघर्षलाई द्वन्द्वात्मक ढंगले ग्रहण र त्यसलाई सञ्चालन गर्नु र पार्टीलाई त्यसरी सजीव राखि हरक्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु , पुरा ह्रदयले जनताको सेवा गर्न जनतासंग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिध्दान्तमा अविचल रहने कुरामा पार्टी कठिबद्ध छ ।

(६) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधि सबै तह र तप्काका जनसमुदायलाई गोलबन्ध गर्दै सशस्त्र संघर्ष सञ्चालन गरिनेछ । कृषि क्रान्तिलाई मेरूदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरीब किसानहरू माथि भर परेर चल्ने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरूको दवाव , धम्की र प्रलोभनमा पर्ने छैन ।

(७) युध्दका आफनै नियम अनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्नेछ । लेनिनको " क्रान्ति आफैंले आफनो विकास क्रममा सधै नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ " भन्ने कुराको महत्त्वलाई आत्मसात गरेर जानु जरूरी छ । जीत र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ ।खराव कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तर्विरोधको नियमलाई ठीक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्ने छौ ।

यस अतिरिक्त ४ तयारी गर्ने प्रतिबद्धता पनि जाहेर गरिएको थियो जो निम्न छन् :

जनयुद्धको ऐतिहासिक पहलका निमित्त तयारी :

(१) वैचारिक तयारी
(२) संगठनात्मक तयारी
(३) संघर्ष सम्बन्धि काम
(४) प्राविधिक तयारीको कामका सम्बन्धमा ।

- श्रोता- नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) का ऐतिहासिक दस्तावेजहरू :

प्रसवि प्रकाशन ने. क. पा. ( माओवादी) मेची (कोसी क्षेत्रीय ब्यूरो पूर्व कमाण्ड ।
प्रकाशक : पश्चिम केन्द्रीय कमाण्ड ने. क. पा. ( माओवादी )
दोस्रो संस्करण : २०६३ मंसिर ) ।

यसरी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २०५२ साल फाल्गुन १ गतेदेखि थालनी गरेको सशस्त्र जनयुद्धको प्रक्रियामा मुलुकमा ग्रामीण ईलाकनहरूमा छापामार दस्ता हुदै जनमिलिसियाको निर्माण हुन पुग्यो ।क्रान्तिका लागि ग्रामीण ईलाकाहरूमा आधार ईलाकाहरू निर्माण हुदै गए । पुरानो राज्य सत्ताका विरूद्ध लड्नका लागि डिभिजन स्तर सम्मका जनमुक्ति सेनाका डिभिजनहरू बन्न पुगे । नयाँ जनसत्ताहरू , जनअदालतहरू, जनकम्युनहरू र जनसरकारहरू बन्न पुगे । पार्टी संगठनहरूको ब्यापक विस्तार भयो ।यसले गर्दा देश भित्र र बाहिर पनि सगरमाथाको देश बाट क्रान्तिको राम्रो सन्देश प्रवाहित भयो ।नेपाली जनता अब क्रान्ति पुरा हुन्छ , जनताका समस्या समाधान हुन्छन् र नेपालमा अब नयाँ जनवादी राज्य व्यवस्थाको स्थापना हुन्छ अनि समाजवादमा जान सकिन्छ भन्ने जनताले क्रान्तिकारी आशावादका साथ अपेक्षा गरेर लाखौंको संख्यामा जनताहरू जनयुद्धको प्रक्रियामा लामबध्द भए । र , जनताले जनयुद्धलाई सबै क्षेत्रबाट सहयोग गरे । जनयुद्धमा नेपाली जनताको अतुलनीय सहयोग पुग्यो ।

यसैक्रममा १० शौ हजार नेपाली आमाका आँटी र असल छोराछोरीहरू शहिद बन्न पुगे, हजारौंनेपाली नागरिकलाई प्रतिक्रियावादी राज्यसत्ताले ज्यान विपत्ता पार्यो । हजारौंको संख्यामा नेपाली नागरिकहरू अपाङ्ग र घाइते बन्न पुगे । जनताको त्यो त्याग , बलिदान । जनमुक्ति सेनाको त्यग , वीरता सौर्य र बलिदानका कृतिमान बन्न पुगे । र जनयुद्धले नेपाली जनतालाई मात्र होइन विश्वका भाइचाराहरूलाई पनि आशावादी बनायो । यो ज्यादै सकारात्मक पाटो महान् दश वर्षे जनयुद्धको

तर महान् दश वर्षे जनयुद्धको नकारात्मक पाटो पनि छ । त्यो के हो भने :

(१) नेतृत्वमा आयो वैचारिक विचलन

महान् जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा जनयुद्धको नेतृत्व गर्दै आएको (प्रचण्ड-बावुराम) एउटा नेतृत्वमा ठूलो वैचारिक विचलन ज्वारभाटाका रूपमा पैदा भयो । र , त्यसले २०६२ असोज (कार्तिकमा चुनवाङ बैठकमा पुगेर सशस्त्र जनयुद्धको कार्यदिशा र कार्यक्रमलाई स्थगित गरेर "लोकतान्त्रिक गणतन्त्र " को कार्यदिशा अंगिकार गर्न पुग्यो ।

त्यसले तत्कालीन संसदवादी ७ दलसित नयाँ दिल्लीमा पुगेर २०६२ साल मंसिर ७ गते १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर गर्न पुग्यो । यसक्रममा शान्ति प्रक्रियामा प्रवेश गरे पश्चात २०६३ असार ८ गते देशीविदेशी प्रतिक्रियावादी शक्तिहरूको ग्राण्डडिजाइन, निर्देशन र योजनामा सात राजनीतिक दलहरूका बिचमा जनयुद्धका प्रक्रियामा निर्माण हुन पुगेका स्थानीय नयाँ जनसत्ताहरू ,जनअदालतहरू, जन सरकारहरू विघटन गर्ने सहमति पत्रमा हस्ताक्षर गर्न पुग्यो त्यो नेतृत्व ।

२०६३ मंसिर ५ गते नेपाल सरकारको तर्फबाट गिरीजा प्रशाद कोइराला र विद्रोही माओवादीका नेता पुष्पकमल दाहाल प्रचण्डका बिच दश वर्ष देखि चल्दै आएको सशस्त्र युध्दलाई आजका मितिदेखि अन्त्य गरियो भन्ने पत्रमा हस्ताक्षर गरेर विधिवत रूपमा दश वर्षे जनयुद्धको अन्त्यको घोषणा गरियो ।

त्यसै प्रक्रियामा सात राजनीतिक दलहरू र माओवादीको संलग्नतामा २०६३ माघ १ गते अन्तरिम संविधान जारी गरियो र माओवादी पनि संसदमा गर्यो । र २०६३ चैत १८ गते माओवादी पनि प्रतिक्रियावादी सरकारमा सामेल भयो ।

यसै प्रक्रियामा माओवादीको मुख्य नेतृत्व एक पछि अर्को गर्दै साम्राज्यवाद र विस्तारवादका सामु लम्पसार पर्दै वर्गीय रूपमा र राजनीतिक रूपमा समेत आत्मसमर्पण गर्न पुग्यो र नेकपा (माओवादी) बाट एमाओवादी, माके हुदै पहिले नै प्रतिक्रियावादमा पतन भइसकेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा विलय हुन पुग्यो र अहिले प्रतिक्रियावादको फासीवादी सत्तामा बसेर क्रान्तिकारी माओवादीहरूमाथि भीषण दमन गरेर नेपाली क्रान्तिलाई सिध्याउने षड्यन्त्रका तानावाना बुन्ने कार्यमा ज्यान फालेर लागिरहेको छ ।

यसले क्रान्ति प्रति , सर्वहारा वर्ग प्रति र नेपाली जनता प्रति गंभीर प्रकारको गध्दारी गर्न पुग्यो । यसले नेपाली जनता र नेपाली क्रान्तिलाई धोका दिने र गध्दारी गर्ने कार्य गरेर अहिले देशिविदेशी प्रतिक्रियावादी शक्तिहरूको तावेदारी गर्ने काम गरिरहेको छ ।

एकातिर यस प्रकारको अवस्था छ भने अर्कोतिर त्यसबाट विद्रोह गरेर आएका क्रान्तिकारी माओवादी ,विप्लव नेतृत्वको नेकपाले महान दश वर्षे जनयुद्धका नकारात्मक र सकारात्मक पाटाहरूबाट शिक्षा लिएर महान् नेपाली क्रान्तिका बाकी कार्भारहरू पुरा गर्ने उध्देश्यका साथ क्रान्तिको तयारी कार्यमा डटिरहेका छन् ।

(२) दश वर्षे जनयुद्धबाट नेपाली जनताले के पाए ?

यसबाट नेपाली जनताले :

(क) राजतन्त्रात्मक सामन्ती राज्य व्यवस्थाको ठाउँमा लोकतान्त्रिक गणतन्त्र पाएका छन् । सामन्ती व्यवस्था भन्दा लोकतान्त्रिक गणतन्त्र एक कदम अघिको प्रजातान्त्रिक व्यवस्था हो ।

(ख) यसबाट नेपाली जनताले धर्म निरपेक्षता पाएका छन् ।

(ग) यसबाट नेपाली जनताले एक हदसम्म समानुपातिक निर्वाचन प्रणाली पाएका छन्

(घ) दश वर्षे जनयुद्धले नेपाली जनताको चेतनास्तर धेरै माथि उठाइदियो । नेपाली जनताले यो प्राप्त गरे ।

(ङ) पिछाडि पारिएका जनजाति , दलित , मधेसी , मुस्लिम ,महिला , पिछडिएको क्षेत्रका जनतालाई माथि उठ्ने मौका मिलेको छ । यही हो दश वर्षे जनयुद्धबाट नेपाली जनताले पाएको ।

(३) दश वर्षे जनयुद्धबाट नेपाली जनताले के गुमाए ?

यसबाट नेपाली जनताले सर्वश्व गुमाए , जस्तै :

(क) महान् दश वर्षे जनयुद्धको प्रक्रियाबाट प्राप्त गरेका स्थानीय नयाँ जनसत्ता,जनअदालत , जनकम्युनहरू र जनसरकारहरू गुमाए ।

(ख) जनमुक्ति सेना गुमाए ।

(ग) जनताको रगतले साटिएका जनमुक्ति सेनाले बोगेका हतियारहरू गुमाए ।

(घ) सामन्तवाद र साम्राज्यवाद विरोधी सारतत्व बोकेको जनताको संघीय गणतन्त्रात्मक (जन) संविधान बनाएर महान् नेपाली क्रान्ति सम्पन्न गर्ने उध्देश्येले निर्माण गरिएको पहिलो संविधानसभा गुमाए ।

(ङ) नेपाली जनताले शहिदको रूपमा आफना दशौ हजार छोराछोरी गुमाए ।

(च) नेपाली जनताले यस युध्दबाट हजारौंको संख्यामा आफना सन्तानहरू घाइते, अपांग भएको पाए ।

(छ) नेपाली जनताले यस युध्दबाट आफना हजारौं सन्तानहरूलाई प्रतिक्रियावादी सत्ताले ज्यान विपत्ता पारि दिएको पाए ।

(ज) नेपाली जनताले यस युध्दबाट दश वर्ष सम्म नेपाली क्रान्तिका लागि गरेको त्याग ,तपश्या र बलिदान गुमाए ।

(झ) नेपाली जनताले यस युध्दबाट महान् नेपाली क्रान्तिको आदर्श र स्वाभिमान गुमाए ।

मुख्यतः यिनै हुन नेपाली जनताले महान् जनयुद्धबाट गुमाएका चिजहरू ।

( ४) माओवादीको नेतृत्वमा किन त्यति छिटै वैचारिक विचलन आयो ?

कुनै पनि घटना घट्नुका पछाडि निश्चित वैज्ञानिक कारणहरू विद्यमान रहेका हुन्छन् । यो विज्ञान कै नियम हो । मार्क्सवादी द्वन्द्ववादको नियम हो ।

महान् दश वर्षे जनयुद्धको नेतृत्व गरेका माओवादी नेताहरु पुष्पकमल दाहाल प्रचण्ड -बावुराममा एक्कासि वैचारिक विचलन आएको होइन । यो विचलन आउनुको पछाडि निश्चित वैज्ञानिक कारणहरू रहेका छन् । जस्तो कि :

(क) माओवादी पार्टीले मालेमावादलाई आफनो कामको पथप्रदर्शक सिध्दान्तको रूपमा अंगिकार गर्न पुग्यो । यो ज्यादै महत्वपूर्ण विषय थियो । तर प्रचण्ड-बावुराममा मालेमावादी सिध्दान्त र दर्शनका आधारभूत सिध्दान्तहरूको ज्ञान भण्डार कम्जोर रहन गयो । अर्थात् प्रचण्ड -बावुराममा मार्क्सवाद , मार्क्सवादी दर्शन अर्थात् मालेमनवादी सिध्दान्त र दर्शनका विषयमा वैज्ञानिक अध्ययन र बुझाइको कमिरहन गयो । उनीहरूको पार्टी स्कुलिङ व्यवस्थित र वैज्ञानिक भएन । कुनै पनि व्यक्तिले मार्क्सवाद अर्थात् मालेमावादी अध्ययन गर्ने मात्र ठूलो कुरा होइन , मुख्य कुरा त मालेमावादलाई आत्मसात गर्ने कुरा र जीवन व्यवहारमा लागु गर्ने कुरा ठूलो कुरा हो । यो कठिन कार्य प्रचण्ड र बावुरामको जीवनमा लागु भएन । किनभने प्रचण्ड र बावुराममा चरम अवसरवाद थियो , त्यो क्रान्तिको जटिल प्रक्रियामा , वर्ग संघर्षको दौरानमा छिटो प्रकट हुन पुग्यो ।

(५) जनयुद्ध हाँकी रहेको तत्कालीन माओवादीको नेतृत्वमा वैचारिक स्तर उठ्न सकेन , जस्तो कि :

२०५२ साल फाल्गुन १ गतेदेखि २०६२ साल असोज सम्म अर्थात् माओवादी पार्टीको चर्चित चुनवाङ बैठकसम्म आइपुग्दा सम्मको त्यो अवधिमा वर्ग संघर्षलाई चर्काइयो र हाकियो पनि । हजारौंको संख्यामा शहिद बन्न, अपांग र घाइते बन्न सक्ने स्पिरिट पैदा गर्न माओवादी नेतृत्व सफल त भयो । लाखौं लाख नेपाली जनता जनयुद्धमा लामबध्द बनाउन माओवादी नेतृत्व त सफल भयो नै । तर आफू चाहिँ मालेमावादको सिध्दान्तले लैस हुने , स्टालिनकै " शब्दमा विशेष धातुले बनेका कम्युनिस्ट " बन्न सकेनन् ।

प्रचण्ड- बावुरामले मार्क्सवादको स्वअध्ययन त गरे तर पार्टी स्कुलिङमा वैज्ञानिक ढंगले अध्ययन गर्न र मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई बुझ्ने , गहिरो गरी चिन्तन मनन गर्ने काम गरेनन् , टपर्टुयाँ अध्ययन र बुझाइका आधारमा नेता बन्न पुगिहाले तर त्यतिले मात्र आवश्यक वैचारिक खुराक पुगेन, वर्ग संघर्ष अर्थात् जनयुद्ध भीषण बन्दै गयो र प्रचण्ड -बावुराममा रहेको मालेमावादको दर्शन र सिद्धान्तले धानेन र उनीहरु त्यस भीषण वर्ग संघर्षलाई हाँक्न डराएर वैचारिक रूपमा पलायन भए पछि चर्चित चुनवाङ बैठक हुदै शान्ति प्रक्रियामा प्रवेश गरेर बाँच्न कै निम्ति प्रचण्ड आफनो चरम अवसरवादी दस्ताहरूलाई उठाउदै एमाले भित्र विलय हुन पुगे भने बावुराम कांग्रेसमा विलय हुदै हाल क्षेत्रीय सामन्तवादी पार्टी तराई फोरम समाजवादी पार्टीमा प्रवेश गर्न पुगेका छन्

(६) जनयुद्धकालीन माओवादी नेतृत्वमा वैचारिक स्तर उठ्न सकेन , अधिभूतवाद लागु गरियो , जस्तो कि :

माओवादी पार्टीको केन्द्रीय नेतृत्वले जनयुद्ध कै प्रक्रिया अन्तर्गत २०५७ सालमा दोस्रो राष्ट्रिय सम्मेलनमार्फत मालेमावादको विचार विकासको नाममा " प्रचण्ड पथ " को घोषणा गरेर प्रचण्डलाई खुसी तुल्याउन प्रचण्डलाई प्रचण्ड पथको पगरी घुताई दियो ।

तत्कालीन माओवादी नेतृत्वमा र स्वयं प्रचण्डमा त्यस अनुसारको विचारको विकास त भइसकेको थिएन प्रचण्डलाई फुर्क्याउन त्यसो गरिएको थियो । यो मार्क्सवादी दर्शनको फाँटमा चरम अधिभूतवादी प्रवृत्ति पैदा भएर प्रचण्डमा लागु गरिएको थियो र यो दर्शनको क्षेत्रमा व्यक्तिवादी श्रध्दावाद लागु हुन पुगेको थियो । श्रध्दावाद पूर्वीय दर्शनको एक हाँगोको रूपमा रहेको गैर मार्क्सवादी धारा हो । यसैले प्रचण्डलाई खायो ।

यसको मुख्य कारण पार्टी नेतृत्वमा वैचारिक स्तरको विकास भइनसक्नु नै हो । र, स्कुलिङकै अभावले यस खाले दार्शनिक समस्या पैदा भएको देखिन्छ त्यतिबेला ।

निचोडमाः

यसले क्रान्तिलाई ठूलो धोका दियो । नेपाली जनतालाई ठूलो धोका दियो । नेपाली सर्वहारा वर्गलाई पनि ठूलो धोका दियो र नेतृत्व कै गध्दारीकै कारणले महान् नेपाली क्रान्तिले स्याडब्याक खायो । तर क्रान्ति यसकै कारणले रोकिदैन । खतमै भै हाल्दैन । माथि उल्लेख गरिएको छ नयाँ सिराबाट महान् नेपाली क्रान्तिका बाकी कार्यभारहरू पुरा गर्ने बचनबध्दताका सात क्रान्तिका कामलाई अगाडि बढाउने काम क्रान्तिकारी माओवादी कम्युनिस्टहरूबाट प्रयास भइरहेको छ । क्रान्ति अवश्यम्भावी छ

बुढानिलकण्ठ नगर पालिका- २,
कल्पवृक्ष कोलोनी , काठमाडौं

# फोर्डको एन्डेभर नयाँ संस्करण भित्रियो

फोर्ड गाडीको नेपालका लागि आधिकारिक बिक्रेता जिओ अटोमोबाइल्सले फोर्ड एन्डेभरको २०२० मोडल नेपाली बजारमा भित्र्याएको छ। यो गाडी बिएस-६ प्रदूषण नियन्त्रणमा आधारित ४-४ टाइटेनियम प्लस भेरियन्ट हो। १० स्पिड स्वचालित ट्रान्समिसन भएको एन्डेभरमा नयाँ २.० इकोब्लु डिजेल इन्जिन राखिएको छ। यो गाडीले १७० पिएस पावर र ४२० एनएम



टर्क पैदा गर्छ।

एन्डेभर पूर्ण अफरोड गाडी हो। उपरखापड सडकमा पनि सजिलै चलाउन सकिने गाडी सुरक्षाका दृष्टिले उत्कृष्ट रहेको कम्पनीको दाबी छ। यसमा सातवटा एयरब्याग र भूमि व्यवस्थापन प्रणाली जडान गरिएको छ। गाडीभित्रको ध्वनिको उत्सर्जनलाई कम गर्ने प्रविधिको पनि प्रयोग गरिएको छ।

१४ प्रतिशतसम्म इन्धन खपतमा सुधार गरिएको एन्डेभरमा शक्तिशाली अफरोड क्षमता, सस्तो सर्भिसिङ सेवा, उत्कृष्ट पर्फरमेन्सलगायत विशेषता रहेको कम्पनीले जनाएको छ। २०२० फोर्ड एन्डेभरमा उन्नत २.० इकोब्लु डिजेल इन्जिन प्रयोग गरिएको छ। पछिल्लो परिस्कृत इन्जिनका कारण इन्धन किफायती र पर्फमेन्समा उत्कृष्ट रहेको हो। गाडीले प्रतिलिटर १२.४ किमी माइलज दिन्छ। गाडीमा पूर्ण एलइडी हेडल्याम्प राखिएको छ। 'अल न्यू कन्टेम्पोरेरी स्क्वायर' डिजाइनमा निर्माण गरिएको एलइडी हेड ल्याम्पलाई तल र माथि दुवै बिममा कम्तीमा २० प्रतिशत प्रकाश बढाउने गरी निर्माण गरिएको छ।

गाडीमा ८ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, आरामदायी सिट, पावर एडजस्टेवल ओआरबिएम लगायत विशेषता राखिएका छन्।

डिफ्युज सिल्भर, डायमन्ड ह्वाइट र एब्सोल्युट ब्ल्याक गरी तीन कलरमा उपलब्ध एन्डेभरको सुरुवाती मूल्य एक करोड ४९ लाख रुपैयाँ तोकिएको छ।

मुख्य विशेषताहरू

-ट्रान्सफर्मर र टर्कका लागि उत्कृष्ट फोरह्विल ड्राइभ सिस्टम
-सुरक्षाका लागि चालकको घुँडा छेउमा समेत गरी सातवटा एयरब्याग
- उत्कृष्ट ग्राउन्ड क्लियरेन्सका साथै ८०० मिलिमिटर वाटर वेडिङ क्षमता
- ८ इन्च टच स्क्रिन इन्फोटेनमेन्ट सिस्टम, एन्ड्रोइड एप्पल कार प्ले, गुगल अटो कम्प्याटिबल
- आवाजलाई कम गर्ने तथा इन्जिनको ध्वनिलाई घटाउने नोइज क्यान्सिलिङ प्रविधि
-पार्किङ सेन्सर, पछाडि पार्किङ क्यामेरा
-अटोमेटिक हेडल्याम्प, अटोमेटिक वायपर्स, अटोमेटिक क्लाइमेट कन्ट्रोल एसी

# टिसीएल टिभीको लोकप्रीयता नेपालमा बढ्दो




काठमाडौं। विश्व बजारमा उत्पादन र ग्रहकको रोजाइको आधारमा टिसिएल टिभी बिश्वको दोस्रो ठूलो ब्राण्ड रहेको छ। नेपालमा पनि पछिल्लो समय टिसिएलका बिद्युतिय उपकरणको माग बढ्दो छ। अघिल्लो ३ वर्षको तुलनामा टिसिएल एलइडी टिभीको माग ५० प्रतिशतले बढेको नेपालका लागि आधिकारिक बिक्रेत चौधरी ग्रुपको भनाई रहेको छ।

नेपालमा टिसिएल ब्राण्डका टेलिभिजनका साथै वासिङ मेसिन, एसी, चेष्ट फ्रिजर, वाटर डिस्पेन्सर, लगायतका उपकरणहरु चौधरी ग्रुप अन्तर्गत इ.ओ.एल. प्रा.ली मार्फत नेपाली बजारमा बिक्री गर्दै आईरहेको छ। अहिले नेपालमा टिसिएल ब्राण्ड चौथौं स्थानमा पर्छ।

अहिले एलइडीमा पनि युएचडी टीभीको माग बढ्दो छ। नयाँ पुस्ता प्रबिधिसँग नजिक हदै गएका कारण उनिहरुलाई नयाँ नयाँ मोडेलका फिचरको बारेमा जानकारी हुन्छ। त्यसैले स्मार्ट टिभीको जवानामा थप प्रबिधिसहितको युएचडी टिभि आएको छ। जसले युवाहरुलाई आकर्षण गरेको छ। सुलभ मुल्य, क्वालिटि प्रोडक्ट, सर्भिसमा विश्वसनियताका कारण नै नेपालमा सिजी इलेक्ट्रोनिक्सको बजार राम्रो छ। सिजी इलेक्ट्रोनिक्सले सातै प्रदेशमा डिलर र सर्भिस सेन्टरहरु विस्तार गरी सेवा दिदै आएको छ।

नेपालको ग्रामिण वस्तीदेखि ठूलो बजारसम्म सीजी इलेक्ट्रोनिक्सका बजार बिस्तार भइसकेको हुदा सवैले सेवा पाउदै आएको सिजीले जानकारी दिने गरेको छ। सर्वसाधारणदेखि उच्च वर्गिय उपभोक्तालाई ध्यानमा राखेर सेवा प्रदान गरेकै कारण हामी सफल भएका हौ सिजीका बजार प्रबन्धक कुशल गौतमको भनाई हो यो। हामीले सधै गुणस्तरियतामा विश्वास गरेका छौ। टिसिएल आफैमा ब्राण्ड हो। नेपाली बजारमा टिसिएलका युएचडी टिभीमा ऋट र एड गरी दुई ओटा नयाँ मोडल सार्वजनिक भएको छ। युएचडी टिभिमा आर्ट डिजाइन, स्मार्ट फङ्सन, भ्वाईस कमाण्ड, गुगल असिस्टेन्ट, गुणस्तरिय दृष्य, कनेक्टीभिटी तथा क्वालिटियुक्त साउण्ड छन्। आर्टका मात्र चार डिजाइन छन्। स्मार्ट फङ्सनमा नेटफ्लिस, युटुव, एप स्टोर, टीभि ३ पल्स समावेश गरिएको छ। यूएचडी टिभिमा ब्लुतुथ, वाइफाइ, एचडीआई र युएसवी जडान गर्न मिल्छ।

टिसिएल टिभी सन इतिहाँस १९८१ मा सुरुवात गरेको पाइन्छ। आइएचएस पछिको २०१६ मा नै उत्कृष्ट टप ३ मा परेको थियो। यसले गर्दा पनि अहिले विश्व बजारमा यसको माग अत्याधिक बढेको कम्पनीले जनाउदै आएको छ। टिसिएल प्यानल, मोडुलस, सेट र व्याकलाइट क्षमतामा उत्पादन भएको हो। सन २०१६ मा नै आइएचएस मार्फत उत्पादनको आधारमा विश्वको टप तीनमा परेको थियो। विश्वमा टिसिएल ब्राण्ड मुल्याकन २००७ मा ४०.१३६ अर्ब च्द्य रहेकोमा १० वर्षमा बढेर ८०६.५६ अर्ब च्द्य पुगेको छ। टिसिएल टिभिको विश्व बजारमा माग अत्याधिक बढेको देखिन्छ। टिसिएल ब्राण्ड विश्वमा १५ ओटा अवार्ड विजेता समेत भइसकेको छ। टिसिएलको २३ वटा आर.एण्ड.डि. सेन्टर ७५ हजार कर्मचारी २१ वटा म्यानुफ्याक्चरीङ बेस, १६० वटा विश्व बजारमा आफ्नो व्यापार विस्तार गरेको छ। सिजी इलेक्ट्रोनिक्सले टि.सि.एल. ब्राण्डको टिभि नेपाली बजारमा ल्याएकाले ग्राहकले पनि मन पराइ दिएका छन। त्यसैले आगामी दिनमा अझ यसका विश्वमा उतकृष्ट टिभि नेपाली बजारमा ल्याउन लागेका चौधरी ग्रुपले जनाएको हो।







जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस